# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३२१ | काठमाडौं | शनिबार, ०७ चैत २०८२ | Prabhab National Daily | Saturday, 21 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं ।**

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं।

स्वस्थ नागरिक, समुन्नत राष्ट्र ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**




अर्थमन्त्री रामेश्वर खनाल शुक्रबार सिंहदरबारस्थित संघीय संसद् भवनअगाडि वन तथा वातावरण मन्त्रालय र वन तथा भू-संरक्षण विभागले आयोजना गरेको वृक्षरोपण कार्यक्रममा बिरुवा रोप्दै । *तस्बिरः रासस*

# हिमपात र वर्षाले टुटायो माथिल्लो मुस्ताङको विद्युत् सेवा

- लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिका क्षेत्र अँध्यारोमा
- नेपाल–चीन कोरलानाकासम्मको ११ केभी विद्युत् प्रसारणलाइनमा हिमपात र वर्षाले समस्या
- मौसममा सुधार हुनेबित्तिकै आवश्यक मर्मत गरी पुनः सञ्चालन गरिने



**मुस्ताङ (प्रस)–** माथिल्लो मुस्ताङमा शुक्रबार दिउँसोदेखि विद्युत् सेवा अवरुद्ध भएको छ । दिउँसो ४:०० बजेदेखि परेको निरन्तरको हिमपात र वर्षाले माथिल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिका क्षेत्रमा विद्युत् सेवा अवरुद्ध भएको हो ।

यहाँस्थित विद्युत् वितरण संस्था नीलगिरि उपभोक्ता सहकारी संस्थाले हिमपात र वर्षाले वारागुङ मुक्तिक्षेत्र-३ स्याङ्बोचेदेखि माथिल्लो क्षेत्रको दुई गाउँपालिकामा विद्युत् सेवा अवरुद्ध भएको जनाएको छ । संस्थाका कार्यालय प्रमुख सनप्रसाद थकालीले थासाङ गाउँपालिकादेखि नेपाल–चीन कोरलानाकासम्मको ११ केभी विद्युत् प्रसारणलाइनमा हिमपात र वर्षाले प्राविधिक समस्या उत्पन्न भएको जानकारी दिए ।

क्रमशः पृष्ठ २ मा

कांग्रेस केन्द्रीय समिति बैठक

# गगनको राजीनामा रोक्न जोडबल



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेस केन्द्रीय समिति बैठक चुनावी हारको समीक्षाभन्दा पनि सभापति गगन थापाको राजीनामा अस्वीकृतमा केन्द्रित भएको छ । फागुन २१ गतेको निर्वाचनमा नेपाली कांग्रेसले लज्जास्पद हार बेहोरेसँगै पदबाट राजीनामा दिन गगनलाई दबाब परेको थियो ।

बैठकमा चुनावी हारलाई समीक्षाको मूल विषय बनाएर गगनलाई नैतिक जिम्मेवारीबारे प्रश्न गर्नुपर्नेमा यो केन्द्रीय समिति उनको बचाउमा लागेको छ । हुन त गगनले फागुन २५ गते नै सभापतिबाट राजीनामा दिने भन्दै उपसभापति विश्वप्रकाश शर्मासँग छलफल गरेका थिए । त्यतिबेला उपसभापति शर्माले राजीनामा रोक्ने प्रयास गरे ।

तर बुधबार साँझ भने गगनले आफ्नो राजीनामा शर्मालाई थमाए । बिहीबार बिहान गगनको राजीनामाबारे चर्चा चल्न थाल्यो । बिहीबारै साँझ उपसभापति शर्माले केन्द्रीय समितिबाट यो राजीनामा अस्वीकृत गराउने प्रस्ताव सार्वजनिक गरे ।

क्रमशः पृष्ठ २ मा



नैतिक जिम्मेवारी अनुभूत गर्ने सभापतिको भावनालाई उच्च कदर गर्दै, यो बैठक स्थिति सम्हाल्ने गहन दायित्व, सबैभन्दा प्रधान नैतिक दायित्व ठहर गर्दै सभापति गगन थापाले आफ्नो पदबाट दिनुभएको राजीनामा अस्वीकृत गर्ने प्रस्ताव गर्दछ ।

**विश्वप्रकाश शर्मा**
उपसभापति, नेपाली कांग्रेस



एउटा ठूलो संघर्षको मैदानमा क्याप्टेन भएर पार्टी र देश बदल्छु भनेर जनताको बीचमा आएको मान्छेले बीचमा छाडेर जान मिल्दैन ।

**अर्जुननरसिंह केसी**
केन्द्रीय सदस्य, नेपाली कांग्रेस

## कांग्रेस हार्नुका २७ कारण

कांग्रेस केन्द्रीय समितिमा उपसभापति विश्वप्रकाश शर्माले कांग्रेसले चुनावमा हार बेहोर्नुका २७ कारण पेस गरेका छन् । समयलाई सही ढंगले नसम्हाल्दा यस्तो भएको रिपोर्टमा उल्लेख छ । 'फागुन २१ को निर्वाचनमा रास्वपा विजयी भएको तथ्य जति हो त्यो भन्दा बढी सत्य नेपाली कांग्रेस पराजित भएको हो । हामीले हामीलाई समयमै सही ढंगले सम्हाल्न, बदल्न र मतदातामा सम्प्रेषण गर्न सकेको भए न यो पराजय कोरिन्थ्यो, न यो जित लेखिन्थ्यो,' समीक्षा रिपोर्टमा भनिएको छ ।

विशेष महाधिवेशन सम्पन्न भएको पाँच दिनमा उम्मेदवारी दर्ता अनि ५०औं दिनमा निर्वाचन हुँदा छोटो अवधिमा केही गर्न नसकिएको रिपोर्टमा उल्लेख छ । 'विशेष महाधिवेशनमार्फतको परिवर्तनले पार्टीको 'ग्रास रुट' सम्म उर्जा भर्न सकियो/ऊर्जा भरियो ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# स्ट्रेट अफ हर्मुजबाट एक नेपाली इरानको नियन्त्रणमा

- पानी जाहजमा काम गर्ने अमृत झा पक्राउ
- युद्धका कारण रेमिट्यान्समा पनि असर पर्ने परराष्ट्रको भनाइ
- श्रम स्वीकृति नवीकरण र वैधानिकीकरण श्रम स्वीकृतिलाई निरन्तरता दिन इजरायल, कुवेत र बहराइनमा रहेका श्रमिकको माग

■ प्रभाव संवाददाता




**काठमाडौं–** स्ट्रेट अफ हर्मुजबाट एक नेपाली इरानको कब्जामा परेका छन् । परराष्ट्र मन्त्रालयले शुक्रबार पत्रकार सम्मेलन गरी उक्त जानकारी दिएको हो । मन्त्रालयको मध्य एसिया, पश्चिम एसिया तथा अफ्रिका महाशाखाका प्रमुख रामकाजी खड्काले नेपालका अमृत झा पक्राउ परेको जानकारी दिए ।

स्ट्रेट अफ हर्मुजमा पानी जहाजमा काम गर्ने सबै क्रु मेम्बरलाई इरानले नियन्त्रणमा लिँदा झा पनि परेको उनले बताए । पक्राउ परेको कुरा झाका आफन्तमार्फत परराष्ट्रलाई जानकारी पाएको उनको भनाइ थियो । झासमेत गरी इरानमा हाल ११ जना नेपाली रहेका जनाइएको छ ।

यसबीचमा इजरायल, कुवेत र बहराइनमा रहेका श्रमिकले श्रम स्वीकृति नवीकरण र वैधानिकीकरण श्रम स्वीकृतिलाई निरन्तरता दिन माग गरेको महाशाखा प्रमुख खड्काले बताए । त्यस्तै, आपत्कालीन उद्धारका लागि वैदेशिक रोजगार बोर्डको कल्याणकारी कोषमा जम्मा गरिएको कामदारको उद्धार शीर्षकको बजेटमात्र प्रयोग गर्न सकिने व्यवस्था भएकाले विनियोजन नभएको रकमको हकमा योजना बनाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई पत्राचार गरिएको जनाइएको छ ।

युद्धका कारण रेमिटयान्समा पनि असर पर्ने देखिएको प्रवक्ता खड्काले बताए । प्रभावित मुलुकमा १० देखि २० प्रतिशत मूल्यवृद्धि भएकाले श्रमिकको बचत तथा रेमिटयान्समा पनि प्रभाव पर्ने देखिएको उनको भनाइ थियो । त्यस्तै, खाडीका ग्यास प्लान्ट, उद्योग तथा उर्जा केन्द्रमा भएको आक्रमणपश्चात् पनि श्रमिकहरूमा युद्ध सिर्जित प्रदूषणले असर नगरेको तर इरानमा भने कालो वर्षा भएको जनाइएको छ ।

### खाडीमा असुरक्षित बताउने संख्या घट्दै

परराष्ट्र मन्त्रालयले खाडी मुलुकहरूमा असुरक्षित महसुस गर्ने नेपालीको संख्या घट्न थालेको जानकारी दिएको छ । इजरायल-अमेरिका र इरानबीचको युद्धले खाडी क्षेत्रलाईसमेत त्यहाँ रहेका नेपालीहरूले असुरक्षित रहेको भन्दै नेपाल फर्कने बताएका थिए । पछिल्लो समय यस्तो संख्या घट्दै गएको परराष्ट्रले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

'करिब छ हजार जनाले आफूहरू असुरक्षित रहेको बताए पनि पछिल्लो समय उक्त संख्या ह्वात्तै घटेको छ,' मन्त्रालयका प्रवक्ता क्षेत्रीले भने, 'मन्त्रालयमा सुरुका दिनमा सुरक्षाको विषय सोध्ने गरिन्थ्यो । पछिल्लो समय भने श्रम स्वीकृति कहिले खुल्छ, रोजगारी गुम्न लाग्यो भन्ने प्रश्नहरू सोध्न थाल्नुभएको छ ।' मन्त्रालयका अनुसार शुक्रबारसम्म ८२ हजार १०० जनाले कन्सुलर सेवा विभागबाट सञ्चालित अनलाइन दर्ता प्रणालीमा नाम दर्ता गराएका छन् ।

क्रमशः पृष्ठ २ मा

२५ वर्षमै सांसद बनेकी रूबीको चाहना

# बाध्यताले विदेसिएकाहरूलाई स्वदेशमै फर्काउने

- रूबी हुर्किंदै गर्दा बिहेका त्यस्ता प्रस्ताव धेरै आए । यद्यपि रूबीले आमाबुबासमक्ष आफ्नो अडान राखिरहिन्, 'पहिले देशको सेवा गर्छु, अनिमात्र बिहे ।'
- रूबीका बुवा पनि १० वर्षदेखि मजदुरीका लागि साउदीमा छन् । अब पहिलो काम उनी बुबालाई घर फर्काउन चाहन्छिन् । भन्छिन्– 'स्वदेशमै रोजगार भए, बुबा विदेसिनु पर्थेन । मेरो बुबाजस्ता धेरै नेपाली विदेशमा हुनुहुन्छ । उनीहरूलाई स्वदेशमै फर्काउन चाहन्छु ।'

■ मधु शाही



**काठमाडौं–** जनकपुरधाम उपमहानगरपालिका-१४ धनुषाकी रुबी कुमारीलाई सानैमा बिहेका प्रस्ताव आउन थाल्यो । आफूलाई भन्दा उनका आमाबुबालाई छोरीको बिहे गरिदिन प्रस्ताव गर्दै आफन्त र गाउँलेले दबाब दिन्थे । रुबी सानै भए पनि विद्रोही स्वभावकी थिइन् । बालविवाह गरेर छोरीहरूले भोगेका पीडा उनले प्रत्यक्ष देखेकी थिइन् ।

त्यसमा पनि चर्को दाइजो प्रथाको सिकार भएका परिवारको अवस्था देख्दा उनलाई छटपटी हुन्थ्यो । तर, समाज उस्तै छ । रुबी हुर्किंदै गर्दा बिहेका त्यस्ता प्रस्ताव धेरै आए । यद्यपि रुबीले आमाबुबासमक्ष आफ्नो अडान राखिरहिन्, 'पहिले देशको सेवा गर्छु, अनिमात्र बिहे ।' धेरै पटकको प्रतिवादपछि रुबी बालविवाहबाट जोगिइन् । सिभिल इञ्जिनियरिङमा अध्ययनरत २५ वर्षीया रुबी हालै समानुपातिकतर्फ प्रतिनिधिसभा सदस्य निर्वाचित भएकी छन् ।

उनी श्रम संस्कृति पार्टीबाट निर्वाचित भएकी हुन् । निर्वाचन आयोगबाट निर्वाचित भएको प्रमाणपत्र लिएपछि उनले भावुक हुँदै भनिन्, 'मधेसको बालविवाह र दाइजोप्रथाजस्ता कुसंस्कार हटाउनुछ ।' उनका अनुसार मधेसमा अधिकांश छोरीहरूको १६ वर्ष नपुग्दै बिहे गरिदिने चलन छ । छोराहरू रुँदै मजदुरीका लागि विदेसिन बाध्य छन् ।

रुबीका बुवा पनि १० वर्षदेखि मजदुरीका लागि साउदीमा छन् । अब पहिलो काम उनी बुबालाई घर फर्काउन चाहन्छिन् । 'स्वदेशमै रोजगार भए कसलाई विदेसिन मन लाग्छ र ?,' उनले भनिन्, 'स्वदेशमै रोजगार भए, बुबा विदेसिनु पर्थेन । मेरो बुबाजस्ता धेरै नेपाली विदेशमा हुनुहुन्छ । उनीहरूलाई स्वदेशमै फर्काउन चाहन्छु ।' रुबीको अर्को मुद्दा स्वदेशमै युवा रोजगार सिर्जना गर्न आवाज उठाउने रहेको छ ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## गगनको...

शुक्रबार शर्माको यही प्रस्ताव केन्द्रीय समितिमा पेस भयो । पुसको अन्तिम साता काठमाडौंको भृकुटीमण्डपमा भएको विशेष महाधिवेशनबाट यो केन्द्रीय समिति चयन गरिएको हो । यो समितिका सबै पदाधिकारी र केन्द्रीय सदस्य गगन पक्षकै नेताहरू हुन् ।

त्यसैले चुनावी हारलाई भन्दा पनि गगनको राजीनामालाई मूल एजेण्डा बनाएर शुक्रबारदेखि कांग्रेस केन्द्रीय समिति सुरु भएको छ। उपसभापति शर्माले सभापतिको राजीनामा अस्वीकृत प्रस्ताव पेस गर्दै भने, 'नैतिक जिम्मेवारी अनुभूत गर्ने सभापतिको भावनालाई उच्च कदर गर्दै, यो बैठक स्थिति सम्हाल्ने गहन दायित्व, सबैभन्दा प्रधान नैतिक दायित्व ठहर गर्दै सभापति गगन थापाले आफ्नो पदबाट दिनुभएको राजीनामा अस्वीकृत गर्ने निर्णय गर्दछ ।'

जेन-जी विद्रोहपछि पार्टी रिफर्मको नारासहित गगनको नेतृत्वमा विशेष महाधिवेशन हुँदा पूर्वसंस्थापनबाट पूर्वसभापति शेरबहादुर देउवासहित धेरैजसो नेताहरू समेटिएनन् । उनीहरू निर्वाचनमा मौन बसिदिएका कारण पनि कांग्रेसको चुनावी नतिजा निकै कमजोर आएको समीक्षा रिपोर्टमा शर्माले लेखेका छन् । 'विशेष महाधिवेशनको विपक्षमा रहनु व्यक्तिको स्वतन्त्रता थियो । तर रूख चिह्नको उम्मेदवारलाई सघाउने कुरा विशेष महाधिवेशनसँगको विमति या अन्य कुनै पनि बहानामा पन्छाउन मिल्ने कुरा थिएन,' चुनावी हारको कारणमा शर्माले लेखेका छन्, 'तर कतिपयले मौन बसेर 'साइलेन्स किलिङ' को भूमिका निभाउनुभयो, कतिपयले तदर्थता अनि कतिपयले 'स्याबोटेज' को कर्ममा सक्रियता राख्नुभयो ।'

यस्तो अवस्थामा गगन दोषी नहुने र छोटो समयमै पार्टीको कमाण्ड छोड्न नहुने शर्माको तर्क थियो । 'समीक्षा गर्दा विशेष महाधिवेशनबाट पार्टीको नयाँ नेतृत्व आएको ५० दिनको छोटो अवधिमा कसैले पनि दिग्विजयको परिणाम खोज्नु युक्तिसंगत र व्यक्तिप्रति न्याय हुन्न, अनि प्रतिकूलता चिरेर पार्टीलाई अनुकूलतामा पुऱ्याउने कमाण्ड छोडेर सभापतिले पदत्याग गर्नु संगठनप्रति न्याय हुन्न,' उनले भने ।

विशेष महाधिवेशनकै कारण नेता कार्यकर्तामा मनमुटाव आएका कारण पार्टी खुम्चिनुपरेको पूर्वसंस्थापनपक्षका नेताहरूको तर्क छ । यो बेला सभापतिले राजीनामा दिन नहुने पक्षमा आफू पनि उभिएको कोशी प्रदेशका कांग्रेस सभापति उद्धव थापाले बताए । 'कांग्रेस हिजो पनि दोस्रो भएको थियो निर्वाचनमा । खै कसैको राजीनामा आएन । त्यसैले अहिले राजीनामा दिएर पार्टीलाई टुहुरो बनाउन हुँदैन,' कोशीका सभापति थापाले भने । थापा कृष्ण सिटौला समूहनिकट नेता हुन् । सिटौला विशेष महाधिवेशनको विपक्षमा उभिएका थिए । कोशी प्रदेशका सभापतिले पनि विशेष महाधिवेशनको विरोध गर्दै प्रदेश सभापतिहरूको संयुक्त विज्ञप्तिमा हस्ताक्षर गरेका थिए ।

अर्का केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले पार्टी र देश बदल्छु भनेर नेतृत्वमा आएको व्यक्तिले सभापतिबाट राजीनामा दिन नहुने बताए । 'एउटा ठूलो संघर्षको मैदानमा क्याप्टेन भएर पार्टी र देश बदल्छु भनेर जनताको बीचमा आएको मान्छेले बीचमा छाडेर जान मिल्दैन,' केसीले भने ।

अर्का केन्द्रीय सदस्य सुवास पोखरेलले विशेष महाधिवेशनको म्याण्डेटलाई गगनले भुल्न नहुने बताए । विशेष महाधिवेशनले गगनको नेतृत्व रोजेकोले अहिले निजीभन्दा सामूहिक स्वार्थमा सभापति चल्नुपर्ने उनको भनाइ थियो । 'विशेष महाधिवेशनको म्याण्डेटलाई उहाँले अस्वीकृत गर्न हुँदैन । उहाँको विवेकले मान्नुहुँदैन । निजी अहंकारभन्दा सामूहिक स्वार्थको कुरा महत्त्वपूर्ण विषय हो,' पोखरेलले भने ।

अर्का केन्द्रीय सदस्य रमेश धमलाले पार्टीलाई अप्ठेरो परेको बेला सभापतिले राजीनामा दिन नहुने धारणा राखे । विशेष महाधिवेशनबाट नयाँ नेतृत्व आएकै कारण कांग्रेसले ३८ सिट पाउन सफल भएको दाबी गर्दै धमलाले अब प्रतिपक्षमा बलियो भएर लाग्न गगनको नेतृत्व आवश्यक रहेको बताए ।

महामन्त्री प्रदीप पौडेलले सभापतिको निरन्तरता हुनुपर्छ भन्ने धारणा धेरैले राखेको बताए । 'राजीनामा अस्वीकृत गर्नुपर्छ । अहिलेको परिस्थिति र विशेष महाधिवेशनको जिम्मेवारीको कारण निरन्तरता हुनुपर्छ भनेर धारणा राख्नुभएको छ,' महामन्त्री पौडेलले भने ।

शुक्रबारको बैठकमा सहमहामन्त्री फरमुल्लाह मन्सुर र २३ जना केन्द्रीय सदस्यले गगनको राजीनामाबारे धारणा राखेका थिए । बैठकमा धारणा राखेका सबैले गगनको राजीनामा अस्वीकृत गराउनुपर्ने पक्षमा बोलेको कांग्रेस प्रवक्ता देवराज चालिसेले बताए। 'अहिलेको अवस्थामा सभापतिको राजीनामा स्विकृत गर्नुहुन्न भन्ने मत छ सबैको,' प्रवक्ता चालिसेले भने ।

केन्द्रीय समितिमा आइतबार बाँकी पदाधिकारी र केन्द्रीय सदस्यले धारणा राखेपछि सभापतिको राजीनामा अस्वीकृत गर्ने तयारी गरेको छ । लगत्तै पार्टीको नियमित महाधिवेशनबारे छलफल गर्न अर्को केन्द्रीय समिति डाकिने र उक्त बैठकमा गगन उपस्थित गराउने तयारी भइरहेको बताइएको छ ।

■■■

## कांग्रेस हार्नुका...

तर परिवर्तनको त्यो सन्देश यो छोटो अवधिमा नागरिकको मन मस्तिष्कसम्म पुऱ्याउन सकिएन । लामो समयदेखिको नागरिक असन्तुष्टिलाई यो छोटो अवधिमा 'यु टर्न' गराएर विश्वासमा बदल्न सकिएन,' समीक्षापत्रमा भनिएको छ ।

कांग्रेस रिफर्मको प्रश्नमा गम्भीर नबन्नु, स्थिर सरकार नपाउनु, सरकारको नेतृत्वमा पुरानै अनुहार दोहोरिनु, जस्ता विषयले जनतामा असन्तुष्टि थपिँदै गएको रिपोर्टमा उल्लेख छ । कांग्रेसले कहिले एमालेसँग कहिले माओवादीसँग गठबन्धन गर्दा पनि जनतामा आक्रोश छाएको रिपोर्टमा उल्लेख छ । '०७९ को निर्वाचनबाट हामी प्रतिनिधिसभामा सबैभन्दा ठूलो दल बनेका थियौं । तर न सरकारको नेतृत्व गर्न सक्यौं न निरन्तर प्रतिपक्षमा बस्न तयार भयौं । अघि माओवादीसँग चुनावमा गठबन्धन, पछि एमालेसँग सत्ता गठबन्धन,' रिपोर्टमा भनिएको छ, 'व्यवहारवादका नाममा हामी विरोधाभासको दलदलमा फस्यौं, यसले पार्टी पंक्तिमा चरम असन्तुष्टि र नागरिक पंक्तिमा चर्को वितृष्णा बढायो ।'

त्यसैगरी कांग्रेस-एमालेको गठबन्धन सरकार बनाएर पनि कांग्रेसले गल्ती गरेको र त्यसको सजाय चुनावमा पाएको रिपोर्टमा उल्लेख छ । 'दुई ठूला दल मिलेर सरकार बनाएपछि त्यसले सरकारको गतिमा तीव्रताको तीव्र अपेक्षा बढ्यो । तर सरकारको प्रस्तुति रह्यो- औसत । यसले नागरिक पंक्तिमा नयाँ विश्वास जगाउने परको कुरा, नयाँ आशासमेत जागृत हुन सकेन,' रिपोर्टमा भनिएको छ ।

त्यसैगरी कांग्रेसमा भएको चरम गुटबन्दीले पनि पार्टीलाई कमजोर बनाएको रिपोर्टमा उल्लेख छ । भ्रष्टाचार र निराशालाई कांग्रेसले चिर्न नसक्नुका साथै 'एकपटक नयाँलाई हेर्ने' लोकप्रियतावादको लहरले छोप्दा कांग्रेसको गति खस्किएको उल्लेख छ ।

विशेष महाधिवेशनका कारण पार्टीभित्रैबाट 'साइलेन्स किलिङ' र 'स्याबोटेज' को भूमिका खेलेको रिपोर्टमा उल्लेख छ । 'पार्टीका तत्कालीन दुवै महामन्त्री साधारण सदस्य समेतबाट निकालिएका थिए, तर विशेष महाधिवेशनबाट नेतृत्वमा आएको केवल पाँच दिनमा उम्मेदवारी चयन गर्दा पनि आवेगमुक्त रहेर संभव भएसम्म सबै थरीलाई समेटेर खडा गरियो । तर त्यसरी संयम र परिपक्वतासाथ उम्मेदवार चयन गरिएको सन्देश स्थापित गर्न सकिएन ।

कारण थियो- उम्मेदवार नबन्नु/नबनाइनु भएका कतिपय नेताहरूको गम्भीर असहयोगको भूमिका । त्यो कर्मले उम्मेदवार बन्नु/बनाइनु भएका नेताहरूको सम्भावित जितलाई पनि असर पुऱ्यायो,' रिपोर्टमा भनिएको छ, 'कतिपयले मौन बसेर 'साइलेन्स किलिङ' को भूमिका निभाउनुभयो, कतिपयले तदर्थता अनि कतिपयले 'स्याबोटेज' को कर्ममा सक्रियता राख्नुभयो । पार्टीलाई यसले सामान्य असर त गऱ्यो नै, सबैभन्दा ठूलो असर सम्बन्धित व्यक्तिकै आगामी राजनीतिलाई पुऱ्याएको छ। मौनता र निष्क्रियता उपर नैतिक प्रश्न उठिरहेको छ नै, असहयोगको भूमिका अनुशासनको छानबिन दायरामा छँदै छ ।'

■■■

## हिमपात र वर्षाले...

कार्यालय प्रमुख थकालीले मौसममा सुधार हुनेबित्तिकै विद्युत् प्रसारणलाइनमा देखिएको समस्या आवश्यक मर्मत गरी पुनः सञ्चालन गरिने बताए । यसका लागि मौसममा सुधार हुनेबित्तिकै मर्मतका लागि प्राविधिक टोली त्यसतर्फ पठाइने जानकारी दिए । हिमपात र वर्षाले विद्युत् प्रसारणलाइनमा के-कति क्षति भएको भन्ने जानकारी प्राप्त नभइसकेको कार्यालय प्रमुख थकालीको भनाइ छ ।

मुक्तिक्षेत्रमा भारी हिमपात

जिल्लाको वारागुङ मुक्तिक्षेत्रमा भारी हिमपात भएको छ । शुक्रबार अपराह्न ४:०० बजेदेखि मुक्तिनाथ क्षेत्रमा भारी हिमपात भएको हो । मुस्ताङमा कात्तिक १० गतेयता हालसम्म छैटौंपटक हिमपात भएको छ ।

वारागुङ मुक्तिक्षेत्र-१ मुक्तिनाथ क्षेत्रका निरन्तररूपमा भारी मात्रामा हिमपात भइरहेको मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले जानकारी दिए। हिमपातसँगै मुक्तिनाथ मन्दिर क्षेत्र आसपासका डाँडाकाँडा हिउँले सेताम्मे भइसकेको व्यवस्थापक भुसालले बताए ।

हिमपातका कारण चिसो अत्यधिक बढेकाले स्थानीय जनजीवन प्रभावित भएको व्यवस्थापक भुसालको भनाइ छ । त्यसैगरी, मुक्तिनाथ क्षेत्रको मुक्तिनाथ, रानीपौवा, झारकोट, खिंगा, छेंगुर, पुडाक र झोङलगायतका स्थानमा बाक्लो हिमपात भएको जनप्रिय युवा क्लबका अध्यक्ष कैसाङ ठोक्या ठकुरीले जानकारी दिए । 'मुक्तिक्षेत्रमा दिउँसोदेखि हिउँ पर्न थालेको छ, हिउँले मुक्ति क्षेत्र पूरै सेताम्मे भइसकेको छ,' अध्यक्ष ठकुरीले भने, 'रातभरि हिउँ परेमा दुई फिट बढी हिउँ जम्ने देखिन्छ, हिउँले सडकसमेत अवरुद्ध हुनसक्ने सम्भावना छ ।' *(राससको सहयोगमा)*

■■■

## स्ट्रेट अफ...

हाल इरानले एरपोर्ट, मिलिटरी बेसहरू, वित्तीय क्षेत्र, सिपोर्ट, ग्यास प्लान्ट, अमेरिकी दूतावासलगायतमा आक्रमण बढाएको छ । यसले नेपालीहरूमा सुरक्षा जोखिम बढाए पनि खाडीमा हुने आक्रमणको संख्या घट्दा जोखिम कम हुँदै गएको परराष्ट्रले जनाएको छ ।

त्रास फैलाउने सामग्री, भिडियो आदि बनाएको आरोपमा हालसम्म सात जना नेपाली पक्राउ परेको पनि प्रवक्ता क्षेत्रीले बताए । पक्राउ पर्नेमा तीन जना युएईमा, तीन जना साउदी अरब र एक जना कुवेतमा रहेको उनले जानकारी दिए । 'यस्ता सामग्रीलाई मध्यपूर्वका मुलुकले गैरकानुनी भन्दै सम्प्रेषण नगर्नू भन्दै आएका छन्,' उनले भने, 'यदि यस्तो पाइए पक्राउ परेकाहरूलाई एक वर्षसम्म कैद सजाय, कैद सजाए पाएपछि डिपोर्ट र युएईको हकमा एक लाख दिरामसम्मको सजाय हुने भनिएको छ । व्यक्तिगतरूपमा मेसेञ्जरलगायतमा पनि यस्ता भिडियोहरू पठाउने काम नगरौं ।'

जारी द्वन्द्वका क्रममा हालसम्म २० जना नेपालीलाई सामान्य चोटपटक लागेको मन्त्रालयले जनाएको छ । जसमध्ये सबैजना सामान्य उपचार गरी घर फर्किएको र उपचाररत एक जनाको अवस्था पनि सामान्य रहेको जनाइएको छ । मन्त्रालयका अनुसार विगतमा कतारको दोहा, युएईको दुबई, साउदी अरबको जेद्दा र कुवेतको ट्राञ्जिटमा नेपालीहरू रहे पनि हाल सबैजना गन्तव्यतर्फ लागिसकेका छन् ।

■■■

## बाध्यताले...

### संसद्मा सप्तरंगी उपस्थिति

समानुपातिकतर्फ प्रमाणपत्र लिन आउनेमा मधेस प्रदेशकी इञ्जिनियरिङ अध्ययनरत विद्यार्थी रुबीसँगै, पूर्वमिस नेपाल अनुष्का श्रेष्ठदेखि नायिका रिमा विश्वकर्मासमेतको उपस्थिति थियो । समाजको पिँधमा परेका मुस्लिम समुदायका महिलाका अनुहार पनि सांसदका रूपमा देखिएका छन् । टाउकोमा रुमाल बेरेर काखीमा बच्चा च्यापेर समानुपातिक प्रतिनिधि सदस्यको प्रमाणपत्र बुझ्न आएकी चितवनकी समिना मियाँले भनिन्, 'मुस्लिम महिला लजालु स्वभावका छन्, उनीहरूलाई समाजको मूल प्रवाहमा ल्याउन शिक्षा र स्वास्थ्यमा जोड दिनु आवश्यक ठानेकी छु ।'

भरतपुर महानगरपालिका-१ की मियाँ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को संस्थापक सदस्य छन् । नर्सिङ पेसामा आबद्ध उनले रूपान्तरणका लागि राजनीतिक चेत आवश्यक भएकाले आफूले परिवार, पेसासँगै संसद्मा पुग्न जरुरी ठानेको बताइन् ।

त्यसैगरी, नेपाली कम्युनिस्ट पार्टीबाट समानुपातिक प्रतिनिधि सदस्य भएकी दाङ, घोराहीकी ५० वर्षीया भीमकुमारी बुढामगर जनयुद्धकालदेखि राजनीतिकरूपमा सक्रिय थिइन् । उनी पहिलोपटक सांसद भएकी हुन् । मगर पहिरनमा सजिएर प्रमाणपत्र बुझ्दै गर्दा उनले गणतन्त्र ल्याउनुमा जसरी आफूले योगदान दिएको हो त्यही ऊर्जा र उत्साह अझै कायम रहेको बताइन् । उनले भनिन्, 'युवाको बाहुल्यता छ, विश्वास छ राम्रै काम गर्छन् ।'

नेकपा एमालेको तर्फबाट समानुपातिक प्रतिनिधिसभा सदस्य भएकी पद्माकुमारी अर्यालले संसद्मा आफूले जनता र राष्ट्रका पक्षमा हुने सरकारको कार्यको समर्थन गर्दै विपरीत कार्यको विरोध गर्ने बताइन् । रास्वपाका समानुपातिक प्रतिनिधि सदस्य प्रकाशचन्द्र दर्जीले रास्वपाले घोषणापत्रमा दलित समुदायमाथि राज्यले गरेको अन्यायको माफी माग्ने वाचा पूरा गर्ने बताए ।

लामो समयदेखि दलित मुद्दाका विषयलाई लिएर आन्दोलन गरिरहेका नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का तर्फबाट समानुपातिक सांसद बनेका गणेश विश्वकर्माले संविधानमा उल्लिखित दलित अधिकारका कानुन निर्माणमा आफ्नो निरन्तर प्रयास हुने बताए । रास्वपाका तर्फबाट समानुपातिक सांसद बनेकी सीता वादीले संसद्मा वादी समुदायको प्रतिनिधित्व गर्दै छिन् । 'वादी समुदायको बास छैन, गाँस पनि छैन,' उनले भनिन्, 'संसद्मा वादीको आवाज सुनाउँछु जस्ताको तस्तै र उनीहरूको जीवनस्तर उकास्ने प्रयास गर्ने छु ।'

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित ११० जना सांसदलाई बिहीबार प्रमाणपत्र वितरण गरिएको थियो । *रासस*


### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक ३२० चैत ६ गते २०८२ मा प्रकाशित DREAMLAND MANAGEMENT PVT.LTD. को LT. No. 340150 को PEKING FOOD INDUSTRIES SDN. BHD. कम्पनी भएको देशको नाम **मलेसिया** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

DREAMLAND MANAGEMENT PVT.LTD.
Tokha-4, Dhapasi, Kathmandu, Nepal +977-1-4965939, 4982814, +977-1-4984392, dreamlandmgmt776@gmail.com www.dreamlandmgmt.com
Govt. License 776/065/066



### मलेसियामा रोजगार

कम्पनी : JAYA SENTIASA SEMAIAN

पूर्व स्वीकृति मिति : २०८२/०८/१२ पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०६ LT. No. 334379 चलानी नं. ६०२४७८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 5 | 0 | 1700 | ६४,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८२ चैत १४ गते (28th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

S.And S.Human Resource Pvt. Ltd.
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5423287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com
श्रम इजाजत नं. १२३८/०७४/०७५



### मलेसियामा रोजगार

कम्पनी : GEEN SCREW INDUSTRIES SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/११/०६ LT. No. 340104 चलानी नं. ६०२५३५५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Offurniture) | 6 | 0 | 1700 | ६४,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KLS DIM SUM

पूर्व स्वीकृति मिति : २०८२/११/०६ LT. No. 340105 चलानी नं. ६०२५३५५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Service Crew | 6 | 0 | 1700 | ६४,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TING & AN RESTAURANT

पूर्व स्वीकृति मिति : २०८२/०९/१४ LT. No. 340106 चलानी नं. ६०२५३५५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Service Crew | 3 | 0 | 1700 | ६४,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १४ गते (28th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No- 1428/074/075
AAROHAN HUMAN RESOURCE PRIVATE LIMITED
Sinamangal-09, Kathmandu (Nepal), T: 01-4565606
E:-arohanhumanresource@gmail.com, Web: www.aarohanhumanresource.com


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शनिबार, ०७ चैत, २०८२

| | |
|---|---|
| मेष | मन व्यथित हुने समय रहेको छ । हनुमानजिको ध्यान गर्नाले दिन शुभ रहनेछ । |
| वृष | मन प्रफुलल रहनेछ । सेतो वस्तु दान गर्नाले लाभ मिल्नेछ । |
| मिथुन | विवाद बढ्ने योग रहेको छ । श्रीमन्नारायणको स्तुति गर्दा लाभ मिल्नेछ । |
| कर्कट | खर्च बढ्ने योग रहेको छ । दहि खाएर हिड्नु राम्रो हुन्छ। |
| सिंह | मनमा एक प्रकारको उदि्बग्नता छाउनेछ । सूर्य लाई जल चढाएमा लाभ मिल्नेछ । |
| कन्या | नयाँ काम पाइने योग रहेको छ । गणेशजीको पूजा गरेमा बाधा हटेर जनेछ । |
| तुला | पुराना मित्रहरू भेटिनेछ । सेतो मीठाई खाएर दिनको सुरुवात गर्नु शुभ हुन्छ । |
| वृश्चिक | आध्यात्मिकता तिर मन जानेछ । गणेशजीको स्मरण गरेमा कार्य सिद्धि हुनेछ । |
| धनु | पारिवारिक विवाद बढ्न सक्छ । अमिताभ बुद्धको स्मरणमा मन लगाउनुहोला । |
| मकर | जिद्दीपन बढेर जानेछ । महाकालीको स्तुति गरेमा लाभ मिल्नेछ । |
| कुम्भ | पुरानो सम्बन्धको यादले सताउनेछ । भगवान रामको नाम जप गर्नुहोला । |
| मीन | प्रेमी-प्रेमिका बिच सम्बन्धमा कटुता छाउनेछ । उमामहेश्वरको पूजा गरेमा बाधा हटेर जानेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध


| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०७ चैत, २०८२ (२१ मार्च, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४७.९२ | १४८.५२ |
| युरो | १ को | १७०.५९ | १७१.२८ |
| पाउन्ड स्टिर्लङ | १ को | १९७.४५ | १९८.२५ |
| स्विस फ्रैन्क | १ को | १८८.११ | १८८.८७ |
| अस्ट्रेलियन डलर | १ को | १०४.९२ | १०५.३५ |
| क्यानाडियन डलर | १ को | १०८.०० | १०८.४४ |
| सिङगापुर डलर | १ को | ११५.७८ | ११६.२४ |
| जापानी येन | १० को | ९.३० | ९.३४ |
| चिनियाँ युआन | १ को | २१.५२ | २१.६१ |
| साउदी अरब रियाल | १ को | ३९.४० | ३९.५६ |
| कतारी रियाल | १ को | ४०.४७ | ४०.६३ |
| थाई भाट | ख १ को | ४.५५ | ४.५७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.२७ | ४०.४४ |
| मलेसियन रिङेट | १ को | ३७.७७ | ३७.९२ |
| दक्षिण कोरियन वन | १०० को | ९.९१ | ९.९५ |
| स्विडिस क्रोनर | १ को | १५.८८ | १५.९४ |
| डेनिस क्रोनर | १ को | २२.८३ | २२.९२ |
| हङकङ डलर | १ को | १८.८७ | १८.९५ |
| कुवेती दिनार | १ को | ४८२.४५ | ४८४.४१ |
| बहराइन दिनार | १ को | ३९१.७४ | ३९३.३३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**प्रतिनिधिसभा बैठक कक्ष** | सिंहदरबारस्थित प्रतिनिधिसभाको बैठक कक्षका लागि तयारी अवस्थामा राखिएका कुर्सीहरू । संसद् पहिलो बैठक यही चैत १२ गते बस्न लागेको छ । *तस्बिरः विमलबहादुर विष्ट/रासस*

# फागुनमा विपद्‌बाट १८ जनाको मृत्यु, १५ करोडभन्दा बढीको क्षति

■ **ओमप्रकाश विष्ट**

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८२/८३ को फागुन महिनामामात्रै देशभर विभिन्न विपद्का ५०२ वटा घटना घटेका छन् । ती घटनामा मानवीय, भौतिक र आर्थिक क्षेत्रमा गम्भीर असर पुऱ्याएको नेपाल प्रहरीले सार्वजनिक गरेको तथ्यांकमा देखिन्छ ।

प्रहरीको तथ्यांकअनुसार फागुन महिनामा भएका विभिन्न प्राकृतिक तथा अन्य विपद्मा परी १८ जनाले ज्यान गुमाएका छन् । मृत्यु हुनेमा पाँच जना पुरुष, नौ जना महिला, दुई बालक र दुई जना बालिका रहेका छन् । ती घटनामा परी १२४ जना घाइते भएका छन् ।

विपद्का कारण उक्त महिनामा ५० परिवार विस्थापित भएका प्रहरीको तथ्यांकमा उल्लेख छ । प्रहरीका अनुसार विपद्प्रभावित क्षेत्रमा उद्धार र राहतका लागि तीन हजार ३७७ जना प्रहरी कर्मचारी परिचालित भएका थिए ।

भौतिक पूर्वाधारतर्फको क्षतिलाई हेर्दा फागुन महिनामा ७४ वटा घर र ३५ वटा गोठमा क्षति पुगेको जनाइएको छ । पशुधनतर्फ कूल १०६ वटा चौपायाको क्षति भएको छ । यी सबै विपद्जन्य घटनाहरूबाट भएको कूल आर्थिक क्षतिको मूल्यांकन १५ करोड ९१ लाख ५० हजार रूपैयाँ गरिएको प्रहरी प्रतिवेदनमा उल्लेख छ ।




प्रादेशिकरूपमा सबैभन्दा बढी कोशी प्रदेशमा १४३ र मधेस प्रदेशमा १०६ वटा घटना भएका छन् । त्यसैगरी बागमती प्रदेशमा ३३, उपत्यकामा ३५, गण्डकी प्रदेशमा ६३, लुम्बिनी प्रदेशमा ६२, कर्णाली प्रदेशमा १८ र सुदूरपश्चिम प्रदेशमा ४२ वटा विपद्का घटना रेकर्ड गरिएका छन् ।

प्रतिवेदनमा आगलागी, बाढी, पहिरो, चटचाङ, जनावर आक्रमण, महामारी, हावाहुरी, हिमपात, हिमपहिरो, शीतलहर, वर्षा, दुर्घटना, लेक लाग्ने समस्या, भूकम्प र सर्पदंशजस्ता घटनाहरूबाट भएका क्षतिको विवरण समेटिएका छन् । *(प्रशिक्षार्थी पत्रकार)*

# ‘न्यायपालिकाको सुदृढीकरण आवश्यक’

**भक्तपुर (प्रस)–** सर्वोच्च अदालतकी वरिष्ठ न्यायाधीश सपना प्रधान मल्लले न्यायपालिकाको सुदृढीकरण आवश्यक रहेको बताएकी छन् । त्यसका लागि नेपाल बार एसोसियन, बार एकाइ, कानुन व्यवसायी महिला र सरोकारवाला निकायबीच समन्वय आवश्यक रहेको बताइन् ।

शुक्रबारदेखि यहाँ सुरु भएको नेपाल बार एसोसिएसन कानुन व्यवसायी महिलाहरूको ३२औं राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै वरिष्ठ न्यायाधीश मल्लले न्यायपालिकाको सुदृढीकरणमा हातेमालो गर्दै अगाडि जानुपर्नेमा जोड दिइन् । उनले न्यायको क्षेत्रमा महिला अझै पछि परेको उल्लेख गरिन् ।

महिलामाथि हुने मानसिक तथा शारीरिक हिंसाको अन्त्य आवश्यक रहेको बताउँदै उनले यसलाई रोक्न कडाइका साथ कानुन कार्यान्वयन आवश्यक रहेको बताइन् । महिलालाई कानुनका बारेमा जानकारी नहुँदा न्याय पाउन ढिलो हुने गरेको उल्लेख गर्दै उनले न्यायका लागि महिलालाई कानुनी चेतनाका अभियान अगाडि सार्नुपर्ने औंल्याइन् ।




कार्यक्रममा नेपाल बार एसोसिएसन, न्याय परिषद्का सदस्यहरू, विभिन्न जिल्ला अदालतका न्यायाधीशहरू, विशेष अदालत बार एसोसिएनका प्रतिनिधि, कानुन व्यवसायी महिलाका प्रतिनिधि एवं पदाधिकारीले महिलाको सहभागिता रहेको थियो । सहभागीले हिंसा अन्त्यका लागि सबैको हातेमालो आवश्यक रहेकामा जोड दिए । कार्यक्रममा उत्कृष्ट महिला कानुन व्यवसायीलाई सम्मानसमेत गरिएको छ ।

आज (शनिबार)सम्म सञ्चालन हुने राष्ट्रिय सम्मेलनमा ७७ वटै जिल्लाबाट ७०० प्रतिनिधिको सहभागिता रहेको आयोजकले जानकारी दिएको छ । शुक्रबार विभिन्न प्रतिवेदनमाथि छलफल गरिएको थियो । आज घोषणापत्र सार्वजनिक गर्दै समापन गरिने आयोज संस्थाकी अध्यक्ष सरस्वती श्रेष्ठले बताइन् ।

# प्राथमिक उपचारकर्ता तालिम सञ्चालन गर्दै कामपा

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले ३२ वटै वडामा प्राथमिक उपचारकर्ता तालिम सञ्चालन गर्ने भएको छ । कामपाले उक्त तालिम प्रदान गर्न नेपाल रेडक्रस सोसाइटीसँग सम्झौतासमेत गरिसकेको कामपाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले जानकारी दिइन् ।

सबै वडामा प्राथमिक उपचार तालिम सञ्चालन गर्ने उनले बताइन् । दुर्घटना, चोटपटक, अचानक बिरामी अवस्थाजस्ता स्वास्थ्यजन्य आपत्कालीन परिस्थितिमा बिरामीलाई अस्पताल पुऱ्याउनुअघि अवस्था थप बिग्रिन नदिनु तालिम सञ्चालनको मुख्य उद्देश्य हो ।

‘आपत्कालीन अवस्थाका व्यक्तिको जीवनरक्षाका लागि यो अति जरुरी पर्छ । यसकारण प्राथमिकता दिएर तालिम सञ्चालन गर्न लागेका हौं,’ कार्यवाहक प्रमुख डंगोलले भनिन्, ‘वडाको भौगोलिक अवस्था, तालिम लिने व्यक्तिको तत्परताजस्ता सूचकका आधारमा तालिम सञ्चालन गरिने छ । एकपटक प्रदान गरिएको तालिमलाई दिगो बनाउन आवश्यकताका आधारमा थप योजना तर्जुमा हुने छन् ।’

हरेक वडामा २५ जनाको समूहलाई तालिम प्रदान गरिने छ । तालिम सञ्चालन गर्न वडामा एक लाख ६३ हजार रूपैयाँको दरले खर्च हुने जानकारी दिइएको छ ।


**डिभिजन वन कार्यालय पहलमानपुरको**

**काठ/दाउरा लिलाम बिक्री सम्बन्धि सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/१२/०७**

यस कार्यालय मातहतको सब डिभिजन वन कार्यालय सुखड, कैलाली अन्तर्गत राष्ट्रिय वनक्षेत्र अन्तर्गत बग्ने सिङ्गेकोट सिमली खोलामा आ.व. ०८१/८२ मा संकलन भई बुलवले रानी सा.व.उ.स. कम्पाउण्ड, घोडाघोडी नगरपालिका वडा नं. १०, कैलालीमा घाटगद्दी गरिएको विभिन्न लटमा रहेका खयर जातको गोलिया काठ थान ३४७ को परिमाण ११४२.३८ क्यू।फिट, साल जातको गोलिया काठ थान १८५ को परिमाण १२८९.४१ क्यू।फिट र सिसौ जातको गोलिया काठ थान २४३ को परिमाण ९३३.१७ क्यू.फिट साथै साल जातको दाउरा १ चट्टा र सिसौ दाउरा १ चट्टा जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई बन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत उद्योगले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र वन निर्देशनालय, धनगढी, कैलाली वा यस कार्यालयबाट बोलपत्र खरिद गरी प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र २२ (बाइस) औं दिनको अपरान्ह २:०० बजेभित्र डिभिजन वन कार्यालय पहलमानपुर, कैलालीमा दाखिला गर्न आव्हान गरिन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८२/१२/०७ गते**

यस कम्पनीको मिति २०८२/११/२९ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **श्रीज्मा एजुकेशन प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१२/०२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **बि.एम.डब्लु.एजुकेशनल कन्सल्टेन्सी चितवन प्रा.लि. (प्रा.लि.नं.१६०६९२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०१/१७ मा दर्ता कायम भएको **सत्य शिवम् मनि ट्रान्सफर प्रा.लि.** (प्रा.लि.नं. ४६७९३/२०६३/०६४) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/१२/०५ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७५।११।१५ मा दर्ता भएको प्रा.लि.नं. २०९७३२ को **सेभेन होराइज ऐजुकेशन फउण्डेशन प्रा.लि.** नामक कम्पनीले १३६ क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुंदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

यस **Rose Overseas Pvt. Ltd.** (ई.प.नं. १४७/०५६/०५७) मा कार्यरत **शिरीष थापा** (**ना.प्र.प.नं.**३५१००२-४३५), **मोनिका अधिकारी** (**ना.प्र.प.नं.**१४२०३६/७९५), **ममता अधिकारी** (**ना.प्र.प.नं.**२०-०१-७५-०१४८४), **सचिन लिम्बू** (**ना.प्र.प.नं.**०४१००७/१९२७) र **सविता राई** (**ना.प्र.प.नं.**३१-०१-७४-०६४२४) लाई आजको मितिदेखि यस प्रा.लि.बाट हटाइएको हुँदा निज व्यक्तिहरूसँग यस प्रा.लि.सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

ROSE Govt. License 147/056/057
ROSE OVERSEAS PVT. LTD.
Chandol Chowk, Bashidhar Marga, Kathmandu, Nepal, Tel.: +977-1-4 446105/ 412874
E-mail: info@roseoverseas.com.np, roseovrs147@gmail.com, Web: www.roseoverseas.com.np

**Balawa Municipality**
**Office of The Municipal Executive**
**Balawa, Mahottari**
**Madhesh Province, Nepal**

**Invitation for Bids for the supply and procurement of Medicine**

**Notice Publish Date : 2082/12/07 (2026/03/21)**
**Contract No.: Balwa.mun/SQ/GOODS/01/2082/083**

1. The Balawa Municipality invites sealed quotations from registered Suppliers for the supply, delivery and Procurement of Medicine.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Balawa Municipality Office of The Municipal executive Balawa Mahottari may visit PPMO website www.bolpatra.gov.np.
3. A complete set of Bidding Documents may be purchased from the Balawa Municipality by eligible Bidders on the submission of the written application, along with the copy of company/firm registration certificate, and upon payment of non-refundable fee of NRs. 1000.00 till 2082/12/22 (05/04/2026) during office hours.
   **Name of the Bank**: Rastriya Banijya Bank Pvt.Ltd. Jaleshwor mahottari
   **Name of Office:** Balawa Municipality
   **Office Code no. :** 80102133
   **Office Account no.:** 1270100301010002 (Rajaswa)
   **Rajaswa (revenue) Shirshak no. :**
4. Sealed bids must be submitted to the office Balawa Municipality Office of the Municipal Executive Balawa Mahottari on or before 2082/12/23 (06/04/2026) 12:00 hours Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2082/12/23 (06/04/2026) 13:00 at the office of Balawa Municipality Office of The Municipal Executive Balawa, Mahottari] . Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Nrs. 88000.00, which shall be valid for 30 days beyond the validity period of the bid . If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 1270100303000002 (Dharauti) Balawa Municipality Dharauti Khata Ga-3 at Rastriy Banijay Bank Jaleshwor Branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Details of Works**

| S. No. | Contract Identification No. | Description of Works | Estimated amount without Vat & contingency | Price of Bid Document | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | Balwa.mun/SQ/ GOODS/01/2082/083 | बलवा नगरपालिका स्वास्थ्य संस्थाहरुका लागि र आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | Nrs. 3464,998.30 | Nrs.1000.00 | Nrs. 88000/- |

**Chief Administrative Officer**

# एउटा कक्षामा पलाएको आशा




> यो कक्षामा पढाइ किताबमामात्र सीमित छैन । चित्र, खेल, संगीत र दैनिक जीवनसँग जोडिएका गतिविधिमार्फत बालबालिकालाई सिकाइन्छ । शिक्षकले एकैपाठ सबैलाई एउटै तरिकाले पढाउँदैनन् कसैलाई खेलाउँदै, कसैलाई चित्र देखाउँदै त कसैलाई हात समातेर बुझाइन्छ । यही फरक तरिकाले बालबालिकामा आत्मविश्वास बढ्न थालेको अभिभावक प्रवीण अधिकारी बताउँछन् ।

**हरिप्रसाद बास्तोला**/गण्डकी

कास्कीको पोखरा महानगरपालिका-१७ महतगौडास्थित जानकी माध्यमिक विद्यालयले सञ्चालन गरेको छुट्टै भवनमा एउटा कक्षा सामान्यजस्तै देखिए पनि भित्र पस्दा बेग्लै अनुभूति हुन्छ । भित्तामा टाँसिएका रंगीन चित्र, खेलौनाजस्ता सिकाइ सामग्री एवं सहजकर्ता र आयाको धैर्यपूर्ण मुस्कानले यो कक्षालाई विशेष बनाएको छ । यहाँ अटिजम भएका बालबालिकाका लागि आफ्नै गति र तरिकाले सिक्ने थलो बनेको छ ।

अटिजम भएका बालबालिकाका लागि विद्यालय जानु पहिले सजिलो थिएन । बोल्न नसक्ने, आँखामा आँखा जुधाउन गाह्रो मान्ने वा एउटै व्यवहार दोहोऱ्याइरहने बालबालिकालाई समाजमा घुलमिल हुन गाह्रो हुने अवस्था अझै पनि छ । विद्यालय त झन् अलिक परको विषय थियो । तर पोखरा महानगरपालिकाले जानकी माध्यामिक विद्यालयमा सुरु गरेको अटिजम कक्षाले बालबालिकाका ती उनीहरूका लागि सहज वातावरण बनाउँदै लागेको छ ।

यो कक्षामा पढाइ किताबमामात्र सीमित छैन । चित्र, खेल, संगीत र दैनिक जीवनसँग जोडिएका गतिविधिमार्फत बालबालिकालाई सिकाइन्छ । शिक्षकले एकैपाठ सबैलाई एउटै तरिकाले पढाउँदैनन् कसैलाई खेलाउँदै, कसैलाई चित्र देखाउँदै त कसैलाई हात समातेर बुझाइन्छ । यही फरक तरिकाले बालबालिकामा आत्मविश्वास बढ्न थालेको अभिभावक प्रवीण अधिकारी बताउँछन् ।

'मेरो आठ वर्षीय छोरा प्रज्ज्वल अधिकारी पहिला विद्यालय जानै मान्दैनथ्यो । अहिले बिहानै ब्याग बोकेर निस्किन्छ,' उनले भने, 'बोल्न त अझै गाह्रो हुन्छ, तर उसले बुझ्न थालेको संकेत गर्ने गरेको छ । हामीलाई यही ठूलो उपलब्धि लाग्छ ।' कतिपय अभिभावक बिहान आफ्ना बाबुनानी लिएर आउने र बेलुका सँगै लिएर फर्कनेसमेत गर्दै आएका छन् ।

पोखरा महानगरपालिकाले अटिजम कक्षा सञ्चालन गरेर सबैका लागि शिक्षा भन्ने अभियानलाई साकार बनाउन एउटा हृदयस्पर्शी कार्य गरेको उनले बताए । उनले भने, 'अहिले अटिजम कक्षामा ४० जना बालबालिका भर्ना भएका छन् । एक जना अटिजम भएको बच्चाका लागि एक जना हेरालो नै बस्नुपर्ने बाध्यता भएको वर्तमान अवस्थामा जानकी माविमा कक्षा सञ्चालन भएसँगै अभिभावक र बालबालिकाले राहतको अनुभूति गर्न थालेका छन् ।'

अभिभावक सरु अधिकारीका अनुसार छोरा सास्वतको अवस्थामा परिवर्तनका संकेतहरू देखिन थालेका छन् । बिहान विद्यालय जाने र दिउँसो घर फर्कने समयमा देखाएको संकेतले छोरामा परिवर्तनको आशा पलाउन थालेको उनको भनाइ छ ।

विद्यालयले यातायातको व्यवस्था गर्न नसक्दा अभिभावकलाई छोराछोरी विद्यालय ल्याउन र लैजानसमेत असहज बनेको दुखेसो सुनाइन् । उनका अनुसार त्यसतर्फ पनि महानगरले सोच्नुपर्ने अवस्था सिर्जना भएको छ । अटिजम विद्यार्थीलाई यातायात सुविधा पुऱ्याउनका लागि विद्यालयले भारतीय राजदूतावासमा बस व्यवस्थापनका लागि प्रस्तावसमेत पेस गरेको छ । 'कक्षामा हरेक मुस्कान, हरेक संकेत ठूलो सफलता हो,' विद्यालयका प्रधानाध्यापक अर्जुन कँडेलले भने, 'अटिजम भएका विद्यार्थीले आज आँखामा आँखा जुधायो भने विस्तारै भोलिका दिनमा बोल्ने आशा पलाउन थालेको छ ।'

उनका अनुसार विद्यालयले अटिजम भएका ४० जना बालबालिकाका लागि भर्ना आह्वान गरेकामा पोखरा महानगरपालिकाका मात्र ११३ जनाको आवेदन परेको थियो । अटिजम भएका बालबालिकालाई सिकाइसँगै हेरचाह गर्न सजिलो छैन तर पनि सबैको साथ र सहयोगले यहाँ भर्ना भएका विद्यार्थीमा विस्तारै परिवर्तनका संकेतहरू देखिने विश्वास लिइएको छ । अटिजम भएका बालबालिकाका लागि एक जना थेरापिस्टकोसमेत व्यवस्था भइसकेको छ ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गतको ५० लाख रूपैयाँ लागतमा निर्माण गरिएको चारकोठे पक्की भवनमा कक्षा सुरु गरिएको बताउँदै उनले पोखरा महानगर शिक्षा महाशाखाले कार्यविधि बनाएर सञ्चालन गरिएको अटिजमसहित विद्यालयमा हाल ३२० विद्यार्थी अध्ययनरत छन् । जसमा महानगरपालिकाले एक जना शिक्षक, चार जना सहजकर्ता र चार जना आयाको व्यवस्था गरेको छ । एक जना थेरापिस्टका लागि विद्यालयले निवेदन आह्वान गरे पनि निर्वाचन आचारसंहिताका कारण अघि बढ्न नसकेको उनको भनाइ छ । थेरापिस्टको खर्च महानगर स्वास्थ्य महाशाखाबाट सात लाख रूपैयाँ बजेट विनियोजन भएको छ ।

पोखरा महानगरपालिकाको समावेशी शिक्षा नीतिअन्तर्गत जानकी माविमा अटिजम कक्षा सञ्चालन गर्नु महानगरका लागि एउटा महत्त्वपूर्ण कदम हो । विद्यालय शिक्षामा सबै बालबालिकाको समान पहुँच सुनिश्चित गर्न यो कक्षा सुरु गरिएको महानगर शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्य बताउँछन् ।

उनका अनुसार अटिजम कक्षाले केबल बालबालिकालाई मात्र होइन, अभिभावकलाई पनि आशा जगाउँदै वर्षौंदेखि चिन्ता र पीडामा बाँचिरहेका यस्ता परिवारले अब भविष्य देख्ने विश्वास र आशा लिएका छन् । समाजले अझै अटिजमलाई रोग होइन, फरक अवस्था भनेर बुझ्न आवश्यक छ ।

जानकी माविमा सञ्चालन भएको यो कक्षा एउटा सानो सुरुआत हो । तर यही सानो कक्षाले धेरै बालबालिकाका लागि आत्मविश्वास, सिकाइ र सम्मानसहितको जीवनतर्फ जाने ढोका खोल्ने विश्वासका लिएको प्रमुख आचार्यले बताए । पोखरा महानगरपालिकाले मानवीय संवेदनशीलतालाई विशेष मध्यनजर गर्दै गत भदौ २२ गतेदेखि अटिजम कक्षा सञ्चालनमा ल्याएको हो ।

गण्डकी प्रदेशमै स्थानीय तहले सञ्चालन गरेको पहिलो अटिजम कक्षा सञ्चालनका लागि हालसम्म विभिन्न शीर्षकमा महानगर शिक्षा महाशाखा, सामाजिक विकास महाशाखा, वडास्तरीय र गण्डकी प्रदेश सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको ८४ लाखभन्दा बढी रकम विनियोजन भइसकेको छ ।

व्यक्तिको मस्तिष्कमा स्नायु कोषको सञ्जालले राम्रोसँग काम नगर्दा सूचना प्रशोधनमा बाधा उत्पन्न हुन गई सामाजिक क्रियाकलाप, सञ्चार सीप र कल्पना शक्तिको विकासमा असर देखिनु अटिजम भएको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान गण्डकी अस्पताल बालरोग विभाग प्रमुख डा. रामचन्द्र बास्तोलाले बताए । उनका अनुसार जसले गर्दा बाल्यावस्थामा नै सञ्चारमा विचलन, सामाजिकरूपमा घुलमिल हुन नसक्ने, पुनरावृत्ति, एकोहोरोपन,

> “व्यक्तिको मस्तिष्कमा स्नायु कोषको सञ्जालले राम्रोसँग काम नगर्दा सूचना प्रशोधनमा बाधा उत्पन्न हुन गई सामाजिक क्रियाकलाप, सञ्चार सीप र कल्पना शक्तिको विकासमा असर देखिनु अटिजम भएको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान गण्डकी अस्पताल बालरोग विभाग प्रमुख डा. रामचन्द्र बास्तोलाले बताए । उनका अनुसार जसले गर्दा बाल्यावस्थामा नै सञ्चारमा विचलन, सामाजिकरूपमा घुलमिल हुन नसक्ने, पुनरावृत्ति, एकोहोरोपन, इन्द्रीयको उतारचढावको फलस्वरूप वातावरण, व्यक्ति र वस्तुप्रति भिन्दै प्रतिक्रिया र व्यवहार देखाउँछन् ।

इन्द्रीयको उतारचढावको फलस्वरूप वातावरण, व्यक्ति र वस्तुप्रति भिन्दै प्रतिक्रिया र व्यवहार देखाउँछन् । अटिजम कुनै रोग र बौद्धिक अपांगता होइन मष्तिस्कको एक विशेष अवस्थामात्रै हो जुन असामान्य र अस्वीकृत व्यवहारका रूपमा देखिन्छ ।

'वंशानुगत, गर्भावस्थामा विद्युतीय प्रविधि एवं औषधिको अत्यधिक प्रयोग र मौलिक खानाको सट्टा पत्रुखाना बढी रुचाउने, असन्तुलित वातावरण तथा अत्यधिक विषादीको प्रयोगका कारण बालबालिकामा अटिजमको मुख्य कारण हुन सक्दछ,' बास्तोलाले भने, 'अटिजम बच्चा जन्मेको १८ महिनादेखि दुई वर्षको उमेरमा संकेत देखिने पाइएको छ । बालबालिकाको रुचिका आधारमा सिकाइ र प्रयोगात्मक विधि अपनाउँदै नियन्त्रणमा जोड हुनु आजको आवश्यक हो ।'

विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)को तथ्यांकअनुसार प्रत्येक १०० जनामा एक जना भए पनि अमेरिकाको रोग नियन्त्रण तथा रोगथाम केन्द्र (सिडिसी) को सन् २०२३ र २०२४ को रिपोर्टअनुसार ३६ जनामा एक जना बालबालिकामा अटिजमको समस्या देखिएको तथ्यांक रहेको छ । नेपालमा अहिलेसम्म अटिजमको यकीन तथ्यांक नभए पनि उक्त तथ्यांकलाई हेर्ने हो भने हजारौं बालबालिकामा सो समस्या भएको अनुमान गर्न सकिन्छ । वि.सं. २०७८ को जनगणनामा आठ हजार ४८४ जनामा अटिजम रहेको उल्लेख छ । तथ्यांकमा नसमेटिएको संख्या ठूलै भएको अनुमान गरिएको छ ।

अहिलेसम्म काठमाडौं, पोखरा, भरतपुर, विराटनगर, रूपन्देहीलगायतका विभिन्न पालिकाले फिजियोथेरापी, स्वीचथेरापी र मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएका छन् । पोखरा महानगरपालिकाद्वारा सञ्चालित जानकी स्रोत कक्षालाई पनि विस्तारै व्यवस्थित गरिने तयारीमा जुटेको छ । मुलुकका कतिपय सहरमा निजीस्तरमा अटिजम कक्षा सञ्चालन हुँदै आएका छन् । *रासस*

# कफीको सुगन्धमा बुनिएका युवाका सपना

**शंकर श्रेष्ठ**/धादिङ

> “युवा बेरोजगार बस्नु नपरोस् र उनीहरूमा प्राविधिक दक्षता आओस् भन्ने उद्देश्यले बारिस्टा तालिम चलाइएको हो । यसले राज्यको लगानीलाई उत्पादनमूलक बनाउने छ । दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्ने छ ।

> बारिस्टा तालिम ३९० घण्टा कार्य अवधिको हो । यस अवधिमा सहभागीले कफीको छनोट, रोस्टिङदेखि विभिन्न प्रकारका कफी बनाउने र ग्राहकसँग गरिने व्यवहारसम्बन्धी व्यावहारिक र व्यावसायिक ज्ञान सिकिरहेका छन् ।



चितवनका प्रविन प्रजाको हातमा अहिले कफीको कपमात्र छैन, एउटा सुनौलो भविष्यको खाका पनि छ । कफीको हरेक 'सट' मिलाउँदै गर्दा उनले आफ्नै कफी सप सञ्चालन गर्ने योजना बुनिरहेका छन् ।

धादिङका रोशन बरुवालको सोच अलि फरक छ । उनी यो सीपलाई परदेश जाने बलियो आधार र त्यहाँबाट फर्केर स्वदेशमै लगानी गर्ने पुँजी जुटाउने माध्यम बनाउन चाहन्छन् । विपना पोखरेल भने आफ्नै देशको माटोमा कफीको सुगन्ध फैलाउँदै व्यावसायिक बन्ने अठोटमा छिन् ।

यो दृश्य धादिङको नीलकण्ठ नगरपालिका-८ रामकोटस्थित आरोहण शिक्षालयको हो । जहाँ बागमती प्रदेशका २० युवा बारिस्टा अर्थात् कफी बनाउने तालिममा व्यस्त छन् । 'सीप सिकौं, आत्मनिर्भर बनौं' भन्ने नाराका साथ बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयअन्तर्गत सामाजिक विकास कार्यालय गजुरी, धादिङको आयोजनामा यो सीपमूलक कार्यक्रम सञ्चालन भइरहेको हो ।

तालिममा सहभागी युवामा देखिएको उत्साहले सीपप्रतिको बढ्दो आकर्षणलाई पुष्टि गर्छ । चितवनका प्रजा भन्छन्, 'कफी बनाउनु एउटा आधुनिक कला रहेछ, अब म यही सीपलाई व्यवसायमा बदलेर आफ्नै खुट्टामा उभिन चाहन्छु ।'

धादिङको नीलकण्ठ नगरपालिका-३ का बरुवालका लागि यो तालिम वैदेशिक रोजगारीमा जानुअघिको पूर्वतयारी हो । 'बाहिर गएर राम्रो कमाउने र पछि नेपालमै फर्केर व्यवसाय गर्ने मेरो धोको छ,' तालिमको सैद्धान्तिक कक्षामा उनले भने ।

सहभागीमध्येकी विपना भने सीप सिकेर स्तरीय कफी सप खोल्ने र अरूलाई रोजगारी दिने सोचमा पुगेकी छन् । आफ्नो उद्देश्य स्पष्ट पार्दै उनी भन्छिन्, 'हातमा सीप र लगानी गर्ने वातावरण भए आफ्नै गाउँ ठाउँ र आफ्नै देशमा काम गरेर आफू पनि स्वरोजगार बन्न सकिन्छ र अरूलाई रोजगारी सिर्जना गर्न सकिन्छ भन्ने मेरो विश्वास छ । म यही लक्ष्यका साथ कफी बनाउने कला सिकिरहेकी छु ।'


युवा बेरोजगार बस्नु नपरोस् र उनीहरूमा प्राविधिक दक्षता आओस् भन्ने उद्देश्यले बारिस्टा तालिम चलाइएको हो । यसले राज्यको लगानीलाई उत्पादनमूलक बनाउने छ । दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्ने छ । तालिमले समाजमा पार्ने दीर्घकालीन प्रभावबारे उल्लेख गर्दै सामाजिक विकास कार्यालय गजुरीका प्रमुख रमेश घिमिरे भन्छन्, 'सीपमूलक कार्यक्रमले युवालाई केवल श्रम बजारमामात्र पठाउँदैन, युवामा आत्मविश्वास भर्दै स्वरोजगारीको ढोका खोल्ने छ ।'

स्थानीयस्तरमै सीपमूलक तालिम प्रदान गर्न स्थानीय सरकारको भूमिका महत्त्वपूर्ण छ । बेरोजगारी समस्या समाधान गर्न र युवालाई उत्पादनसँग जोड्न मद्दत पुगेको नीलकण्ठ नगरपालिका-८ का वडाध्यक्ष प्रकाशकुमार श्रेष्ठले बताए । सिकेको सीपलाई खेर जान नदिई व्यावसायिकरूपमा अघि बढ्न प्रोत्साहन हुने खालका थप कार्यक्रम ल्याउने उनको भनाइ छ ।

आरोहण शिक्षालयमा सञ्चालन भइरहेको बारिस्टा तालिम ३९० घण्टा कार्य अवधिको हो । यस अवधिमा सहभागीले कफीको छनोट, रोस्टिङदेखि विभिन्न प्रकारका कफी बनाउने र ग्राहकसँग गरिने व्यवहारसम्बन्धी व्यावहारिक र व्यावसायिक ज्ञान सिकिरहेका छन् । नेपालको वर्तमान परिवेशमा काठमाडौं वा पोखराजस्ता ठूला सहरमा पुगेर व्यावसायिक बारिस्टा तालिम लिन सामान्यतया १५ हजार रूपैयाँदेखि ३० हजार रूपैयाँसम्म शुल्क तिर्नुपर्छ भने एड्भान्स कोर्सका लागि ९० हजार रूपैयाँसम्म खर्च गर्नुपर्छ ।

खाने-बस्ने खर्च जोड्दा सामान्य परिवारका युवालाई सीप सिक्न नै चुनौतीपूर्ण बन्ने गर्दछ । तर, निःशुल्क तालिमले सहभागी युवाको हौसला बढाएको देखिन्छ । तालिम संयोजक शोभा डंगोल भन्छिन्, 'ठूला सहरमा पुगेर हजारौं खर्च गरी सिक्नुपर्ने यो सीपलाई हामीले गाउँघरमै निःशुल्क उपलब्ध गराउँदा विपन्न र जेहेन्दार युवाको पहुँच पुगेको छ ।'

तालिम सुरु भएको दिनदेखि नै देखिएको उत्साहले भोलिका दिनमा सहभागी सफल उद्यमी वा दक्ष बारिस्टाको पहिचान बनाउने निश्चित छ । बागमती प्रदेश सरकारको यो प्रयासले युवालाई विदेशपलायन हुनबाट रोक्न र स्वदेशमै अवसर सिर्जना गर्न कोसेढुंगा सावित हुने अपेक्षा गरिएको छ । *रासस*



**ध्यानमा भिक्षु** | लुम्बिनीमा शुक्रबार आयोजित 'तेस्रो लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति महोत्सवको उद्‌घाटन समारोह तथा अन्तर्राष्ट्रिय ध्यान दिवस' कार्यक्रममा ध्यान गर्दै भिक्षुहरू । *तस्बिरः रासस*

# कर्णालीबाट ३८ हजार विद्यार्थी एसइईमा सहभागी हुँदै

**कर्णाली–** यही चैत १९ गतेदेखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा २०८२ मा कर्णाली प्रदेशबाट ३८ हजार विद्यार्थी सहभागी हुने भएका छन् ।

कर्णाली प्रदेशका १० जिल्लाका १६१ परीक्षा केन्द्रबाट नियमिततर्फ ३२ हजार २५५ र ग्रेड वृद्धितर्फ छ हजार १२४ गरी जम्मा ३८ हजार ३७९ विद्यार्थी सहभागी उक्त परीक्षामा सहभागी हुन थालेको शिक्षा विकास निर्देशनालय सुर्खेतका सूचना अधिकारी एवं परीक्षा शाखा प्रमुख खिमप्रसाद ढकालले जानकारी दिए ।

उनले भने, 'परीक्षामा सबैभन्दा बढी विद्यार्थी सुर्खेतका नौ हजार ७७९ संलग्न हुने छन् । सबैभन्दा कम डोल्पाबाट ६७४ विद्यार्थी रहेका छन्, जहाँ परीक्षा केन्द्रमात्र चार छन् ।' त्यस्तै दैलेखबाट छ हजार २५३, जाजरकोटबाट चार हजार ८१३, सल्यानबाट चार हजार १४२, रुकुमपश्चिमबाट तीन हजार ९२२ र कालीकोटबाट तीन हजार ७१७ विद्यार्थी परीक्षामा सहभागी हुने परीक्षा प्रमुख ढकालले बताए ।

उनका अनुसार जुम्लबाट दुई हजार २५५, मुगुबाट एक हजार ५२४ र हुम्लाबाट एक हजार ३०० विद्यार्थी परीक्षामा भाग लिने छन् । सुर्खेतमा ३४, दैलेखमा २२, कालीकोटमा २०, सल्यानमा १९, जाजरकोटमा र रुकुमपश्चिममा १६-१६, जुम्लामा १४, मुगुमा नौ, हुम्लामा सात र डोल्पामा चार परीक्षा केन्द्र रहेको शिक्षा विकास निर्देशनालय सुर्खेतले जनाएको छ । रासस

नैनीतालका नेपाली मजदुरको आशा

# नयाँ सरकारबाट स्वदेशमै रोजगारी

■ शेरबहादुर सिंह



**नैनीताल (भारत)–** दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिकाका ५२ वर्षीय भवानीप्रसाद रेग्मी बुधबार भारतको उत्तराखण्ड राज्यको पर्यटकीय नगरी नैनीतालमा भारी बोक्दै गरेको अवस्थामा भेटिए । तीन दशकदेखि नैनीतालमा ज्याला मजदुरी गरेर जीविका चलाउँदै आएका रेग्मीले हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनबाट बन्ने सरकारले मजदुर वर्गको उत्थान गर्ला कि भन्ने अपेक्षा गरेका छन् ।

'हुनेखानेका लागि नैनीताल पर्यटकीय गन्तव्य हो, यहाँ गर्मी छल्न धेरै ठाउँका मानिस आउने गर्छन्,' रेग्मीले भने, 'हामीजस्ता गरिबको गुजारा गर्ने ठाउँ पनि नैनीताल नै हो । जेन-जी आन्दोलनपछि मुलुकमा सुशासनका लागि भएको परिवर्तनले देशभित्र रोजगारीका अवसर प्राप्त हुने आशा गरेको छु ।' दिनभरि भारी बोकेर साँझ ७०० भारतीय रूपैयाँ ज्याला पाउने गरेको उनले बताए ।

रेग्मी एक उदाहरण पात्रमात्र हुन् । उनीजस्ता धेरै नेपाली मजदुर लामो समयदेखि नैनीतालमा ज्यालादारी गर्दै आएका छन् । उनीहरू अब गठन हुने सरकारले देशमै रोजगारी दिने आशामा छन् । 'युवाले देश चलाउने खबरले खुसी छौं र युवा पुस्ताले देशभित्रै काम गर्ने वातावरण पाउन् भन्ने आशा छ,' दैलेखका ६५ वर्षीय बमबहादुर ठकुरीले भने, 'देशभित्र स्मृद्धिको वातावरण बनाउन सबै पार्टी एकजुट हुनुपर्छ ।' विगत २० वर्षदेखि नैनीतालमा काम गर्दै आएका ठकुरीले यहाँको आम्दानीले घर खर्च चलिरहेको बताए । 'नैनीताल आउजाउ गर्न थालेको २० वर्ष भयो,' उनले भने, 'नैनीताल क्षेत्रमामात्रै एक हजारभन्दा बढी नेपाली ज्याला मजदुरी गर्छन् ।'

त्यसैगरी कालीकोटको नरहरिनाथ गाउँपालिकाका ७५ वर्षीय पदमबहादुर विष्ट दैनिकजसो नैनीतालमा फलफूल र तरकारीका भारी बोक्छन् । विष्ट पहिलोपटक ज्याला मजदुरी गर्न २०५२ सालमा नैनीताल आएका थिए । हाल उनी कान्छो छोरासहित नैनीतालमा मजदुरी गर्छन् ।

'नेपालमा पनि सामाजिक सुरक्षा भत्ता पाउँछु,' विष्टले भने, 'तर त्यही भत्तालेमात्र घर चलाउन पुग्दैन । फलफूलको भारी बोकेर यहाँ पनि दैनिक एक हजारजति कमाइरहेको छु ।' उनले वृद्धावस्थामा घर छाडेर ज्यालादारीमा परदेश आउनु आफ्नो रहर नभएर बाध्यता भएको बताए । नैनीतालको तल्ली र मल्लीताल क्षेत्रमा सामग्री ढुवानीमा ठूला सवारीसाधन प्रयोग हुँदैनन् । तोकिएको स्थानमा सामग्री ढुवानी भए पनि ताल वरपरको क्षेत्रमा निर्माण सामग्रीदेखि खाद्यान्न ढुवानीका अधिकांश काम नेपाली मजदुरले गर्छन् ।

कालीकोट पलाँता गाउँपालिकाका ३० वर्षीय जयबहादुर बुढा मल्ली तालमा नाम्लो र डोरी लिएर काम खोज्दै हिँडेको अवस्थामा भेटिए । 'कहिलेकाहीँ त ढुवानीका लागि सामान पाउन पनि गाह्रो हुन्छ,' उनले भने, 'महिनामा २०/२२ हजार रूपैयाँ कमाइ हुन्छ ।' उनले पनि नयाँ बन्ने सरकारले युवाहरूलाई स्वदेशमै रोजगारीको वातावरण बनाइदिनुपर्ने माग गरे ।

यहाँ बाध्यताले मजदुरी गर्न आउने अधिकांशलाई थाहा छ, युवाशक्ति श्रम गर्न भारतलगायत तेस्रो मुलुकमा गएर आफ्नो देशको विकास हुदैन । तर के गर्ने जीविकाका लागि भए पनि देश छोड्नैपर्ने बाध्यताले उनीहरू वर्षौंदेखि दोस्रो या तेस्रो मुलुकमा पसिना बगाउन बाध्य छन् । उनीहरू सबैको एउटै आवाज छ, 'मुलुकको अवस्था परिवर्तनका लागि राज्यले मुलुकभित्रै युवा जनशक्तिलाई रोजगार दिन सक्नुपर्छ ।' *रासस*

# अपांगता भएकालाई घरमै नागरिकता वितरण

**बाजुरा–** अपांगता भएका नागरिकलाई जिल्ला प्रशासन कार्यालय बाजुराले घरमै पुगेर नागरिकता प्रमाणपत्र वितरण गरेको छ । जिल्लाको बूढीनन्दा नगरपालिका-६ कोटिलाका ३३ वर्षीया खगिन्द्र भाटलाई बाजुराका प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले घरमै पुगेर नागरिकता प्रमाणपत्र वितरण गरेका हुन् ।



भारतको मुम्बईमा रोजगारी गर्दै आएका खगिन्द्र भाटलाई मुम्बईको बेलपुरामा सन् २०१८ मा रेल दुर्घटना हुँदा दुईवटै खुट्टा गुमाउनुपरेको थियो । दुर्घटनाबाट बाँचेका भाटले आफूसँग भएका नेपाली नागरिकताको प्रमाणपत्रसहित अन्य आवश्यक कागजातसमेत हराए । दुर्घटनापछि रोजगारी गुमाएका कारण उनी स्वदेश फर्किए । सुदूरपश्चिम प्रदेशको राजधानी धनगढीसम्म बसमा आएका भाट दुर्गम तथा विकट आफ्नो गाउँमा हिँड्डुल गर्न नसक्ने भएपछि पुनः धनगढीमा कोठा भाडामा बस्दै आएका छन् ।

रेल दुर्घटनामा नागरिकता हराएपछि उनी राज्यबाट पाउने सुविधाबाटसमेत वञ्चित हुँदै आएका थिए । राज्यबाट प्राप्त हुने सेवा सुविधा लिनका उनका बुबाले वडाको सिफारिससहित जिल्ला प्रशासन कार्यालयमा पुगेर नागरिकता प्रमाणपत्रको अभावमा भोगिएको समस्याबारे प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलालाई जानकारी गराए । सो समस्या समाधानका लागि प्रजिअ निरौलाले भाटलाई घरमै पुगेर नागरिकताको प्रतिलिपि दिएको सहायक प्रमुख जिल्ला अधिकारी लक्ष्मण पुडासैनीले जानकारी दिए ।

उनकाअनुसार नागरिकता प्रमाणपत्रबाट वञ्चित हुन नदिनेगरी वडाको सिफारिस र भाटको बुबाको आग्रहपछि प्रमुख जिल्ला अधिकारी निरौलाले घरमै पुगेर नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि हस्तान्तरण गरेका हुन् । जिल्ला प्रशासन कार्यालयले अशक्त, असहाय, वृद्धवृद्धा तथा अपांगता भएकालाई घरमै पुगेर सेवा दिने गरेको प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले बताए । उनका अनुसार अशक्त तथा सेवासम्म पहुँच नपुगेका नागरिकलाई लक्षित गर्दै घरदैलोमै पुगेर सेवा प्रदान गरिएको हो । राज्यको सेवा सबै नागरिकसम्म समानरूपमा पुग्नुपर्छ भन्ने मान्यताअनुसार हामीले धनगढीमै पुगेर नागरिकताको प्रतिलिपि दिएको उनले बताए ।

वडाको सिफारिस र हाम्रो आग्रहपछि स्थानीय प्रशासनले आवश्यक प्रक्रिया पूरा गरी सेवा प्रवाहलाई नागरिकमैत्री बनाउँदै घरमै पुगेर प्रतिलिपि वितरण गरिएको खगिन्द्रका बुबा मदनबहादुर भाटले जानकारी दिए । राज्यको यस्तो पहलले सेवाप्रवाहलाई प्रभावकारी र समावेशी बनाउने गरिएको बताउँदै प्रमुख जिल्ला अधिकारी निरौलाले भने, 'अशक्त र पहुँचबाट टाढा रहेका नागरिकसम्म पुग्ने यस्ता कामले राज्यप्रतिको भरोसा बढाएको छ ।'

दुर्गम बाजुराबाट ३०० किलोमिटर टाढा धनगढीसम्म पुगेर सेवा दिन स्थानीय प्रशासनको सक्रियता र संवेदनशीलताको यो एउटा अनुपम उदाहरण हो । यसले सेवा लिन असमर्थ नागरिकका लागि राज्यको उपस्थिति अझ नजिकबाट अनुभूत गराएको नागरिक समाजका अगुवा दीर्घराज पाध्यायले बताए । *रासस*

# लुम्बिनी प्रादेशिक अस्पतालमा 'एमआरआई' सेवा सुरू

**लुम्बिनी (प्रस)–** लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा शुक्रबारदेखि 'एमआरआई'सेवा सुरु भएको छ । पश्चिम नेपालकै सबैभन्दा धेरै बिरामीलाई स्वास्थ्य सेवा प्रदान गर्दै आएको यस अस्पतालको ११६औं स्थापना दिवसमा एमआरआई सेवा सुरुआत गरिएको हो ।

लुम्बिनी प्रदेश सरकारको आर्थिक लगानीमा एमआरआई मेसिन जडानपछि सेवा सञ्चालनमा ल्याइएको हो । सेवाग्राहीको बढ्दो चाप र जनअपेक्षालाई ध्यानमा राख्दै सीमित स्रोत र साधनको अधिकतम् प्रयोग गरी सेवा प्रवाहलाई गुणस्तरीय बनाउँदै लगिएको छ । एमआरआई सेवाको शुक्रबार लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले उद्‌घाटन गरे । उनले लुम्बिनी प्रादेशिक अस्पतालका सेवा थप प्रभावकारी बनाउन प्रतिष्ठानका रूपमा विकास गर्ने गरी पहल भइरहेको बताए । विशिष्ट र विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच थप सुनिश्चित गर्न प्रतिष्ठानको अवधारणा अघि सारिएको उनले स्पष्ट पारे ।

मुख्यमन्त्री आचार्यले प्रदेशभित्रै सबै प्रकारका रोगको उपचार सम्भव हुनेगरी अस्पतालको सेवा विस्तारलाई प्राथमिकतामा राखिएको बताए । उनले नमूना अस्पतालका रूपमा विकास गर्नेगरी प्रदेश सरकारले काम अघि बढाएको जानकारी दिए । प्रदेश सरकारले सेवा विस्तारलाई प्राथमिकता दिएको उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले सस्तो र सुलभ गुणस्तरीय स्वास्थ्य सेवा पाउने वातावरण बनेको बताए । एमआरआई मेसिन जडान भएपछि सेवाग्राहीले अब सस्तो र सुलभ ढंगले सेवा लिन पाउने उनले विश्वास व्यक्त गरे । एक हजार २०० शयचाको अस्पताल निर्माणको काम अघि बढेको उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले विगत २१ महिनाको अवधिमा ४० प्रतिशत भौतिक प्रगति भएको र तीन वर्षभित्र सबै सेवा नयाँ भवनबाट सञ्चालन गर्ने योजना रहेको बताए ।

स्वास्थ्यमन्त्री खेमबहादुर सारुले लुम्बिनी प्रादेशिक अस्पताल प्रदेशकै गौरव भएको उल्लेख गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउनेगरी काम भइरहेको बताए । कार्यक्रममा बुटवल उपमहानगरपालिकाकी उपप्रमुख सावित्रा अर्याल, स्वास्थ्यसचिव दुर्गालक्ष्मी श्रेष्ठ, अस्पताल विकास समितिका अध्यक्ष अजयमान श्रेष्ठ, अस्पतालका प्रमुख प्रशासक प्रेमराज गौतमलगायतले अस्पतालको सेवा प्रभावकारी बनाउन सबैको समन्वय र सहकार्य जरुरी रहेको बताए ।

सो अवसरमा अस्पतालका सुपरिटेण्डेण्ट डा. इन्द्र ढकालले अस्पतालको प्रगति र भावी योजनाबारे जानकारी दिएका थिए । सो अवसरमा अवकाशप्राप्त कर्मचारीलाई कदरपत्र प्रदान गरी सम्मान गरिएको थियो । साथै, २५ वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई दीर्घसेवा पदक प्रदान गरिएको थियो ।


**मलेसियामा रोजगार** कम्पनी : TUNG LOK HIN RESTAURANT

पूर्व स्वीकृति मिति : २०८२/१२/०६ | LT. No. 340113 | चलानी नं. ६०२५३५५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 0 | 1700 | ६४,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १४ गते (28th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sansar International Services Pvt. Ltd.
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488
श्रम ईजाजत नं. ८९८/०६७/०६८

**मलेसियामा रोजगार** कम्पनी : FC UNGGUL SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/०६ | LT. No. 340092 | चलानी नं.६०२५३५५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 30 | 0 | 1700 | ६४,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १४ गते (28th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**मलेसियामा रोजगार** कम्पनी : SHENG KIMN HONG SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/०६ | LT. No. 340167 | चलानी नं. ६०२५३५५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL / PRODUCTION OPERATOR | 2 | 0 | 1700 | ६४,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : NORES INDUSTRIES SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/०६ | LT. No. 340168 | चलानी नं. ६०२५३५५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL / PRODUCTION OPERATOR | 0 | 2 | 1700 | ६४,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १४ गते (28th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.
Dhapasi-9, Basundhara Tole, Kathmanadu,Tel: +997-1-4356889,
Email id : admin@topsglobal.com., sanconresources@yahoo.com
श्रम ईजाजत नं. १४५५/०७४/०७५

**जापानमा रोजगार** कम्पनी : ASEAN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/१२/०५ | LT. No. 339962 | चलानी नं. ६०२५३५४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 5 | 0 | 193782 | १८१२०३ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : ASEAN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/१२/०५ | LT. No. 339962 | चलानी नं. ६०२५३५४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 3 | 0 | 188813 | १७६५५७ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १४ गते (28th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

प्रभाव दैनिक




### ओमको 'अधुरो सपना'मा सुरवीरको अभिनय

वास्तविक घटनामा आधारित गीत 'अधुरो सपना' सार्वजनिक गरिएको छ। राजधानी एक कार्यक्रमका बिच गीत कलाकार रामचन्द्र अधिकारी, दमन रूपाखेती, तारा केसी, दिवाकर भण्डारी लगायत सार्वजनिक गरे। गीतमा घिसिङ शरण ओमको स्वर र अन्तज नकर्मीको संगीत छ। गीतको भिडियोमा सुरवीर पण्डित, लेखान्त भुसाल, यादव थापा, नवीन रेग्मी, विक्रम श्रेष्ठ, अर्जुन कार्की, कुमार गोले, सोमा घिसिङ, घिसिङ शरण ओम, जेनिशा घिसिङ र अस्मिन थापाको अभिनय देख्न सकिन्छ। विशाल परियारको छायांकन, अशोक चौधरीको सम्पादन रहेको भिडियो निर्देशन लेखान्त भुसालले गरेका हुन्। गायक घिमिङले गीत मार्फत आफ्नो जिन्दगीमा घटेको घटना प्रस्तुत गरेको कार्यक्रममा बताए।



शनिबार, ०७ चैत २०८२ (Saturday, 21 March 2026)

# 'द एभरेस्ट ड्रिम' निफमा प्रदर्शन हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** बेलायतको स्कटल्याण्डका ट्रमाटिक ब्रेन इन्जुरी (मस्तिष्कमा गम्भीर चोट) भोगेका व्यक्तिहरूको प्रेरणादायी सगरमाथा यात्रामा आधारित डकुमेन्ट्री फिल्म 'द एभरेस्ट ड्रीम' आगामी निफ फिल्म फेष्टिभलमा प्रदर्शन हुने भएको छ। निफ (नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव) अप्रिल ५ मा काठमाडौँमा आयोजना हुदैछ। फिल्म गणेश पाण्डेले निर्देशन गरेका हुन्।

करिब डेढ वर्ष लगाएर निर्माण भएको फिल्मले गम्भीर दुर्घटनापछि जीवनसँग सङ्घर्ष गरिरहेका केही व्यक्तिहरूले देखेको असाधारण सपनाको कथा प्रस्तुत गर्छ। डाक्टरहरूले फेरि राम्रोसँग हिँड्न, बोल्न वा सामान्य जीवन जिउन कठिन हुने बताइएका उनीहरूले हार नमानी नेपाल आएर एभरेस्ट बेस क्याम्पसम्म पुग्ने लक्ष्य राखेका थिए। फिल्ममा उनीहरूको स्कटल्यान्डबाट सुरु भएको यात्रा, काठमाडौँ आगमन र त्यसपछि खुम्बु क्षेत्र हुँदै एभरेस्ट बेस क्याम्पतर्फको कठिन तर भावनात्मक यात्रालाई देखाउनेछ। यात्रामा केही चुनौतीपूर्ण क्षणहरू पनि देखिन्छन्–एक सदस्य केही समय समूहबाट छुट्टिने घटना र अर्का सदस्य स्वास्थ्य समस्याका कारण बेस क्याम्प पुग्नुअघि नै रोकिनुपरेको अवस्था।



फिल्मले ब्रेन इन्जुरीपछि पनि जीवनमा नयाँ सपना देख्न सकिन्छ भन्ने सन्देश दिने बताए। 'यस्ता बिरामीहरूले सामूहिक रूपमा सगरमाथा आरोहण गरेको यो पहिलो हो। द लिटिल शेर्पा फाउण्डेशनका जेम्स ल्याम्बको नेतृत्वमा पाँच जना बिरामी र उनका परिवारसहित ७ जना सगरमाथा बेस क्याम्प पुगेका थिए' उनले थपे।

पाण्डेका अघिल्ला डकुमेन्ट्रीहरू 'भाग्यले बाँचेकाहरू'ले १७ भन्दा बढी अन्तर्राष्ट्रिय पुरस्कार जितेको थियो र ३२ भन्दा बढी देशमा प्रदर्शन भएको छ। त्यस्तै बहुपति प्रथामाथि आधारित डकुमेन्ट्री 'को-हजबेण्ड'ले पनि एक दर्जन भन्दा बढी उत्कृष्ट डकुमेन्ट्री फिल्म अवार्ड जितेको छ।

फिल्म निर्माणमा एशोसियट निर्मात्री शारदा गैरे, क्यामेरापर्सन सुरेश श्रेष्ठ र निरज पन्थी, सम्पादक ईश्वर कोइराला, संगीतकार जुगल डंगोल र सन्दीप सरदार तथा न्यारेटर कौशल घिमिरेको योगदान रहेको छ।

# 'जिन्दगी के छ र'मा बले र बिन्दुको रोमान्स

**काठमाडौं (प्रस)–** गायिका बिन्दु पौडेलले नयाँ गीत 'जिन्दगी के छ र' बजारमा ल्याएकी छिन्। गीतमा उनलाई शिव हमालले स्वरमा साथ दिएका छन्। गीतको शब्द तथा सङ्गीत पनि हमालले नै तयार पारेका हुन्।

गीतमा सुनिल परियारको सङ्गीत संयोजन रहेको छ। लामो समयदेखि अस्ट्रेलियालाई कर्मथलो बनाउँदै आएकी बिन्दुले बेला बेलामा नेपाली गीत संगीत ल्याउने गर्दछिन्।

गीतको भिडियोमा कलाकार सागर लम्साल 'बले' र गायिका बिन्दुको मुख्य अभिनय छ। इनाक्षी इन्टरटेनमेन्टको प्रस्तुतिमा तयार पारिएको यस गीतको भिडियोमा प्रकाश भट्टको निर्देशन र कोरियोग्राफी रहेको छ।



भिडियोमा प्रेम, बिछोड र जीवनका भोगाइहरूलाई कलात्मक ढंगले देखाइएको छ। भिडियोको सुरुवातमा एयरपोर्टबाट फर्किएका पात्रहरू र गाउँको परिवेशलाई देखाइएको छ, जहाँ माया प्रेमका कुरा र जीवनको क्षणभंगुरतालाई गीतको भावमार्फत व्यक्त गरिएको छ।

करण चैसिरको छायांकन रहेको भिडियोलाई मनोज कार्कीले सम्पादन गरेका हुन्। भिडियोमा सागर र बिन्दुसँगै ठुलो संख्यामा कोरस नर्तकहरूको पनि प्रयोग गरिएको छ, जसले भिडियोलाई थप भव्य बनाएको छ।

# 'झम्के फुली'मा फलित, जाहान्वी र आश्माको छमछमी



■ प्रभाव संवाददाता

**काठमाडौं–** यहीँ चैत १३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'हामी तीन भाइ'को नयाँ गीत 'झम्के फुली नाकको फुली, कानमा झुम्का लाऊ है ठुली' सार्वजनिक गरिएको छ। लोकलयमा आधारित यो गीतमा साप शक्ति र अस्मिता अधिकारीको स्वर छ।

गीतलाई गायक शक्तिले नै सङ्गीत भरेका छन् भने गीतको शब्द सुवलमणि सापकोटाले लेखेका हुन्। गीतको सङ्गीत संयोजन (एरेन्ज) महाराज थापाको छ। साथै गीत र गीतको भिडियोले नेपाली समाजको ग्रामीण परिवेश र स्थानीय स्वाद झल्काउँछ।

गीतमा फिल्मका मुख्य कलाकार फलित राई, जाहान्वी बस्नेत, कुशल विष्ट र आश्मा गिरीले छमछमी नाचेका छन्। उनीहरूको नृत्यले दर्शक तथा श्रोतालाई मोहित बनाउने देखिन्छ।

प्रसिद्धि सिने आर्ट्स प्रालिको ब्यानरमा निर्माण भएको फिल्मका निर्देशक मधुसूदन भट्टराई हुन्। कमेडी तथा सामाजिक कथामा आधारित फिल्ममा मुख्य कलाकार अर्थात तीनमा विनोद न्यौपाने, कुशल विष्ट र फलित राई छन्। उनीहरूकै कथा वरपर फिल्म घुमेको छ।

फिल्ममा विनोद न्यौपाने, लक्ष्मी वर्देवा, कुशल विष्ट, आश्मा गिरी, जाहन्वी बस्नेत, फलित राई, राजाराम पौडेल, रवीन्द्र झा, विष्णु सापकोटा (हर्के हल्दार), विकास चापागाईं शुष्मा निरौला, यादव देवकोटा (सरापे), अन्जु हमाल, तारा शर्मा, पवन केसी, रमा विष्ट, विरेन श्रेष्ठ, शुष्मा जिम्बा, खिन्न बहादुर भण्डारी (भोले), गोविन्द प्रसाद पौडेल, भूमिका गिरी, टेकराज पौडेल, अमृतमान महर्जन लगायतले अभिनय गरेका छन्।

त्रिरत्न श्रेष्ठ र मनोज श्रेष्ठ निर्माता रहेको यस फिल्मको कार्यकारी निर्माता विक्रम तामाङ छन्। सह-निर्माता भक्तलाल श्रेष्ठ, प्रतिमा थापा पोखरेल, दुर्गालक्ष्मी पाण्डे विशेष सहयोगी शम्भु कुमार केसी रहेका छन्। साजित महत प्रस्तुतकर्ता रहेको यस फिल्मको पटकथा तथा सम्वाद शिवं अधिकारीले लेखेका हुन्।



# पिएम कप क्रिकेट आजदेखि

## विजेताले १० लाख पाउने

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता आज (शनिबार) देखि सुरु भएको छ। १० टोलीको सहभागिता रहने प्रतियोगिताको विजेताले १० लाख नेपाली रूपैया प्राप्त गर्ने भएको छ।

शुक्रबार नेपाल क्रिकेट संघ( क्यान) का प्रवक्ता छुम्बी लामाले विजेता र उपविजेताका लागि नगद पुरस्कारको घोषणा गरेका हुन्। घोषणा अनुसार विजेताले रु. १० लाख पाउँदा उपविजेताले रु. ५ लाख प्राप्त गर्नेछ। शनिबार प्रतियोगिताको उद्घाटनको दिन मधेश र कोशी प्रदेश तथा कर्णाली र लुम्बिनी प्रदेश खेल्दैछन्।

प्रतियोगितामा ३ विभागीय (नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपिएफ क्लब) र ७ प्रदेश (कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली, सुदरपश्चिम) का गरि जम्मा १० टोलीको सहभागीता रहन्छ।

२८ दिनसम्म चल्ने प्रतियोगितामा फाइनल सहित ४६ खेल आयोजना हुदैछ। लिग चरणमा सबै टोलीले एक आपससँग खेले पछि शीर्ष २ मा रहने टोलीका बीचमा फाइनल खेल हुनेछ।

यसपटकको प्रतियोगिता काठमाडौंका २ तथा मधेश प्रदेशका २ क्रिकेट मैदानमा हुदैछन्। काठमाडौंको टियु क्रिकेट रंगशाला र मुलपानी क्रिकेट मैदानमा समान ५ तथा फाइनल सहितका खेलहरू मधेश प्रदेशको पर्सा र जनकपुरमा हुदैछ।

# दीपेन्द्र सिंहले इयू टी–२० लिग बेल्जियम खेल्ने

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाली राष्ट्रिय क्रिकेट टोलीका अलराउन्डर दीपेन्द्रसिंह ऐरीले इयू टी-२० लिग बेल्जियम खेल्ने भएका छन्। उनलाई जेबी ब्रुगसले अनुबन्ध गरेको हो। जेबी ब्रजेज नेपाल प्रिमियर लिग (एनपिएल) टोली जनकपुर बोल्ट्स (जेबी) को लगानीकर्ता कम्पनी ड्रिम स्पोर्ट्सको स्वामित्वमा रहेको टोली हो। जेबी ब्रुजेजले यसअघि पहिलो सिजनका लागि न्युजिल्यान्डका कलिन मनरोलाई अनुबन्ध गरेको थियो। ३९ वर्षीय ब्याटर मनरोले आइपीएलसहित विश्वका चर्चित लिग खेलेका छन्।

यस्तै, दक्षिण अफ्रिकाका ब्याटर सी भान डर डुसेनलाई पनि भित्र्याइसकेको छ। इयू टी-२० लिग बेल्जियमको पहिलो फ्रेन्चाइज क्रिकेट लिग हो। बेल्जियन क्रिकेट फेडरेसनले डेस्टिनो लिजेन्ड्स स्पोर्ट्स एलएलसीसँग साझेदारी गर्दै आयोजना गर्न लागेको लिग आगामी जुन ६ देखि १४ जुनसम्म आयोजना हुनेछ।

एक वर्षअघि घोषणा गरिएको लिगमा बेल्जियमका प्रमुख



शहरहरू प्रतिनिधित्व गर्ने ६ फ्रेन्चाइज टिमहरूले राउन्ड रोबिन लिग चरण खेल्छन्। त्यसपछि शीर्ष चार टिमहरूले प्लेअफमा प्रतिस्पर्धा गर्छन्। सहभागी टोलीमा जेबी ब्रुजेजसहित आन्थ्रोप एडकर्स, ब्रसेल्स, हेन्ट, लुभेन र लिइज रेड लायन्स छन्। यता आन्थ्रोपको स्वामित्व भारतका पूर्व राष्ट्रिय खेलाडी जाहिर खानले लिएका छन्।

सूर्य नेपाल वेस्टर्न ओपन

# भुवन बने च्याम्पियन

■ प्रभाव संवाददाता

**पोखरा–** सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत पाँचौं प्रतियोगिता तथा २६ औँ संस्करणको सूर्य नेपाल वेस्टर्न ओपनको उपाधि भुवन नगरकोटीले जितेका छन्। आज इभन-पार ६९ खेलेका उनले समग्रमा ३-अन्डर २ सय ४ को स्कोरमा सञ्जय लामालाई एक स्ट्रोकले हराउँदै उपाधिमा ह्याट्रिक गर्न सफल रहे।

उनको यो करियर १४औं उपाधि हो। उपाधिसँगै उनले नगद १ लाख ७० हजार प्राप्त गरे। यसअघि यो सिजनमा उनले सूर्य नेपाल एनपिजिए टुर च्याम्पियनसिप र सूर्य नेपाल काठमाडौं ओपनको उपाधि जितेका थिए।

शुक्रबार ४-अन्डर ६५ खेल्दै समग्रमा २-अन्डर २ सय ५ को स्कोरमा सञ्जय दोस्रो भए। उनले नगद १ लाख २५ हजार हात पारे। एमेच्योर राहुल विश्वकर्माले ४-अन्डर ६५ को स्कोरकार्ड बनाए। समग्रमा १-अन्डर २ सय ६ सहित तेस्रो भए।

धरानका गल्फर शुक्र बहादुर राईले ४-ओभर ७३ मा अन्तिम दिनको खेल सकाउँदा समग्रमा २-ओभर २ सय ९ सहित चौथो भए। प्रोतर्फ तेस्रो भएका उनले नगद १ लाख आफ्नो नाममा लेखाए। जयराम श्रेष्ठले ६-ओभर ७५ मा अन्तिम दिनको खेल सकाउँदा समग्रमा ७-ओभर २ सय १४ सहित पाँचौं स्थानमा चित्त बुझाए। उनले ८२ हजार प्राप्त गरे।

पोखराका घरेलु गल्फर भुबहादुर गुरुङ छैटौं भए। उनले समग्रमा ८-ओभर २ सय १५ स्कोर बनाए। शुक्रबारको खेल ३-ओभर ७२ मा पुरा गरे। उनले नगद ७२ हजार पाए। समग्रमा १०-ओभर २ सय १७ सहित भुवन कुमार रोक्का र दिनेश प्रजापतिले संयुक्तरूपमा सातौं स्थान बाँडे। भुवनले ३-ओभर ७२ र दिनेशले २-अन्डर ६७




को स्कोर निकाले। उनीहरूले समान ६५ हजार प्राप्त गरे।

यस्तै समग्रमा १२-ओभर २ सय १९ बनाएका तोरण विक्रम शाही नवौं हुँदै ५१ हजारको हकदार बने। उनले २-ओभर ७१ मा खेल सकाए। १३-ओभर २ सय २० स्कोर बनाएका रमेश अधिकारी र सुरेश तामाङ संयुक्तरूपमा दशौं भए। रमेशले ७-ओभर ७६ र सुरेशले ६-ओभर ७५ मा खेल सकाए। उनिहरूले ४४ हजार नगद पुरस्कार हात पारे।

भुवनसँग अन्तिम १८ होलको खेल सकिँदा मात्र १ स्ट्रोकको अग्रता थियो। तर शुक्र र जयरामले सुरूवातदेखि नै खेल बिगार्दा भुवनलाई सजिलो भयो। छैटौं होलमा बोगी खेपेका उनले आठौं होलमा बर्डी प्रहार गर्दै फ्रन्ट नाइन इभन-पार ३४ मा सकाए। यसपछि बाकी नौ होलमा शुक्र र जयरामले टक्कर दिन नसके पनि सञ्जय लामाले चुनौती दिएका थिए। तर भुवनले ब्याक नाइन पनि इभन-पार ३५ मा सकाउँदै एक स्ट्रोकको जित निकाल्न सफल भएका हुन्। भुवनले १० औं र १३ औं होलमा बर्डी तथा १२ औं र १७ औं होलमा एक-एक सट खेर फाले।

सञ्जयले फ्रन्ट नाइन १-अन्डर ३३ मा सकाउने क्रममा पहिलो, सातौं र आठौं होलमा बर्डी प्रहार गरे। दोस्रो र छैटौ होलमा एक-एक सट खेर फाले। ब्याक नाइनमा उनले पाँच वटा होलमा बर्डी प्रहार गरे। १० औं होलमा र यसपछि १४ देखि १७ होलसम्म लगातार चार बर्डी प्रहार गरे। तर १२ औं र १८ औं होलको बोगीले ब्याक नाइन ३-अन्डर ३२ मा पुरा गरे।

एमेच्योर राहुलले सातौं होलको बोगीका विरूद्ध पहिलो र पाँचौं होलमा एक-एक सट बचाए। फ्रन्ट नाइन १-अन्डर ३३ खेले। यसपछि ४-पारको १३ औं होलमा इगलको सफलता प्राप्त गरेका उनले १६ औं र १ ७ औं होलमा बर्डी प्रहार गर्दा १८ औं होलमा बोगी खेपे। उनले एमेच्योरतर्फको उपाधि जिते। किशन परियारलाई २२ स्ट्रोकले हराए। किशन दोस्रो भए। उनले समग्रमा २१-ओभर २ सय २८ को नतिजामा प्रतियोगिता पुरा गरे।

विजयी खेलाडीहरूलाई सूर्य नेपाल प्रालिका डेप्युटि जनरल म्यानेजर केशव प्रधान र नेपाल गल्फ संघका अध्यक्ष टासी घलेले पुरस्कार वितरण गरे। नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसन (एनपिजीए) द्वारा आयोजित प्रतियोगितामा २६ प्रोफेसनल तथा १६ एमेच्योर खेलाडीको सहभागिता रहेको थियो। सूर्य नेपाल प्रालिद्वारा प्रायोजित प्रतियोगितामा यो पटक कुल पुरस्कार राशि वृद्धि गरिएको थियो। कुल १० लाख ५० हजार नगद पुरस्कार रहेको यो प्रतियोगितामा शीर्ष १८ स्थान सम्मका प्रोफेसनल खेलाडीहरूले नगद पुरस्कार प्राप्त गरे।



बंगलादेशको गाजीपुरको टोंगी रेलवे स्टेसनमा घर फर्कने रेल चढ्दै मानिसहरू । इद अल–फित्र नजिकिँदै गर्दा यहाँको स्टेसन घर फर्कने यात्रुहरूको ठूलो संख्याले भरिएको छ । *तस्बिरः सिन्ह्वा*

# इरानी प्रतिकारपछि ग्यास आपूर्ति र व्यापार मार्गमा चुनौती, खाडी राष्ट्रहरू सतर्क

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति र इजरायलका प्रधानमन्त्रीबीच इरानको दक्षिण पार्स ग्यास क्षेत्रमाथि गरिएको आक्रमणबारे स्पष्ट मतभेद देखिएको छ । इजरायलले उक्त क्षेत्रमा हमला गरेपछि इरानले मध्यपूर्वका ऊर्जा संरचनामा प्रतिकारात्मक हमला गरेको छ, जसले विश्वभर ऊर्जा मूल्यलाई अझ बढाएको छ । यस घटनाले गल्फका देशहरूलाई पनि चिन्तित पारेको छ र अमेरिकी राष्ट्रपतिलाई इजरायलको कदमलाई नियन्त्रण गर्न दबाब परेको छ ।

अमेरिकी राष्ट्रपतिले प्रेसमा बताएका अनुसार, उनले इजरायलको यो आक्रमणमा सहमति जनाएका छैनन् र यस प्रकारको कदम नगर्न प्रधानमन्त्रीलाई चेतावनी दिएका छन् । उनका अनुसार अमेरिका र इजरायल सामान्यतया समन्वयमा छन्, तर कहिलेकाहीँ अलग निर्णय लिन सकिन्छ । अर्कोतर्फ, इजरायली प्रधानमन्त्रीले आफ्नो देशले स्वतन्त्र निर्णय लिएको र अमेरिकी आग्रहपछि थप आक्रमण रोक्ने सहमति जनाएको बताएका छन् ।

सुरक्षा रणनीति र उद्देश्यमा पनि दुई नेताबीच भिन्नता देखिन्छ । अमेरिकाले मुख्यरूपमा इरानको मिसाइल कार्यक्रम र परमाणु क्षमता नष्ट गर्न र उसको सैन्य क्षमता कमजोर पार्नमा ध्यान केन्द्रित गरेको छ । इजरायल भने उच्चस्तरीय हत्या अभियान र शासन परिवर्तनमार्फत इरानको वर्तमान धार्मिक नेतृत्व हटाउने प्रयासमा छ । अमेरिकी जनतालाई युद्धमा समर्थन कम रहेको हुँदा इजरायलको सार्वजनिक समर्थन अमेरिकीभन्दा धेरै छ, जसले इजरायललाई लामो समयसम्म आक्रमण जारी राख्ने राजनीतिक स्वतन्त्रता दिएको छ ।

यसअघि अमेरिकी राष्ट्रपति इरानी जनतालाई उनीहरू आफ्नो शासन परिवर्तन गर्ने अवसर पाउने चेतावनी दिइसकेका थिए, तर अहिले उनी कम आशावादी देखिएका छन् । उनले विशेष गरी इरानको पैरामिलिटरी बल 'बसिज'ले व्यापक विरोध गतिविधिहरू दमन गरेको र आमनागरिकका लागि चुनौतीपूर्ण अवस्थाको सिर्जना गरेको बताएका छन् । अमेरिकी राष्ट्रपति र इजरायली प्रधानमन्त्री बीच युद्धको दृष्टिकोणमा भिन्नता भए पनि, विश्लेषकहरूका अनुसार यी भिन्नताहरू अहिलेको अवस्थामा सतही छन्, तर युद्ध लामो समयसम्म चल्दा दीर्घकालीन प्रभाव र राजनीतिक दबाबका कारण मतभेद स्पष्ट हुन सक्ने सम्भावना छ ।

यो परिस्थितिले इजरायल र अमेरिकाबीचको सम्बन्ध घनिष्ठ भए पनि युद्ध सञ्चालन र समाप्तिको निर्णयमा अन्ततः अमेरिकी राष्ट्रपतिलाई बढी प्रभाव रहने देखिन्छ । इजरायलको मुख्य चासो विश्व ऊर्जा बजार र तेल मूल्य होइन, जसले दुवै देशबीच रणनीतिक निर्णयमा फरक देखिन्छ । *रासस/एपी*

# ट्रम्प संकटमा, चीन बलियो

**बेइजिङ–** मध्यपूर्व युद्धले अमेरिकी कूटनीतिक समीकरण हल्लाइरहेका बेला प्रस्तावित अमेरिका–चीन शिखर सम्मेलनमा शक्ति सन्तुलन बेइजिङतर्फ झुक्ने संकेत देखिएको छ । विश्लेषकहरूका अनुसार इरान–इजरायल द्वन्द्वमा फसेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प कमजोर स्थितिमा पुगेका छन् । यसले चिनियाँ राष्ट्रपति सी चिनफिङलाई वार्तामा थप लाभ लिन सक्ने अवस्था बनाएको छ ।



यसै महिनाको अन्त्यतिर बेइजिङ भ्रमण गर्ने तय भए पनि मध्यपूर्वको बिग्रँदो परिस्थितिका कारण ट्रम्पले आफ्नो यात्रा केही हप्ताका लागि स्थगित गरेका छन् । इजरायलसँग मिलेर इरानमाथि आक्रमण गर्ने निर्णयपछि क्षेत्रीय हिंसा चर्किएको, ऊर्जा मूल्य उच्च बिन्दुमा पुगेको र इरानले स्ट्रेट अफ होर्मुज प्रभावकारीरूपमा बन्द गरेपछि विश्वव्यापी आपूर्ति अवरोधको जोखिम बढेको पृष्ठभूमिमा उनको कूटनीतिक विकल्प सीमित बन्दै गएको विश्लेषण गरिएको छ ।

युद्धको अन्त्य कसरी गर्ने भन्ने स्पष्ट रणनीति तय गर्न कठिनाइ भइरहेका बेला परम्परागत सहयोगीहरूबाट पनि अपेक्षित समर्थन नपाउँदा ट्रम्प चीनसँग कूटनीतिक उपलब्धि खोज्न बाध्य हुनसक्ने आकलन गरिएको छ । अन्तर्राष्ट्रिय क्राइसिस ग्रुपका वरिष्ठ सल्लाहकार अली विनले अमेरिकी शक्ति प्रदर्शन उल्टै असर पार्दै 'अमेरिकी सर्वशक्तिको भ्रम कमजोर बनाएको' टिप्पणी गरे । उनका अनुसार होर्मुज जलडमरूमध्य पुनः खोल्न एक्लै असमर्थ अमेरिकालाई अहिले आफ्नै प्रतिद्वन्द्वी चीनको सहयोग आवश्यक परेको छ ।

मंगलबार ट्रम्पले आफू 'पाँच वा छ हप्ताभित्र' चीन जाने अपेक्षा गरेको बताएका थिए । सम्भावित शिखर सम्मेलनको मुख्य उद्देश्य अघिल्लो अक्टोबरमा दक्षिण कोरियामा भएको भेटमा सहमति भएको भन्सार शुल्क युद्धविरामलाई औपचारिक रूप दिने मानिएको छ । तर वर्तमान कमजोर अवस्थाले अमेरिकालाई गहिरो कर कटौती वा महत्त्वपूर्ण खनिज पहुँचजस्ता विषयमा कडा अडान लिन कठिन हुने देखिएको छ ।

गत सप्ताहन्त पेरिसमा भएका अमेरिकी–चिनियाँ व्यापार वार्तालाई 'रचनात्मक' भनिए पनि ठोस उपलब्धि नदेखिएको विश्लेषण गरिएको छ । युरेसिया समूहका डान वाङका अनुसार व्यापार, प्रविधि र अधिकारसम्बन्धी दीर्घकालीन विवादका कारण द्विपक्षीय विश्वास कमजोर बनेको छ, जसले ठूलो सहमतिको सम्भावना सीमित बनाएको छ । त्यसमाथि, चीनसहित ६० अर्थतन्त्रमा अतिरिक्त औद्योगिक क्षमतासम्बन्धी अमेरिकी अनुसन्धानले बेइजिङलाई असन्तुष्ट बनाएको छ ।

यसबीच चीनले आफ्नो रणनीतिक लाभ जोगाइरहेको देखिन्छ । बेइजिङले होर्मुज जलडमरूमध्य पुनः सञ्चालनमा ल्याउन अमेरिकाको आग्रहलाई हालसम्म बेवास्ता गरेको छ भने दुर्लभ पृथ्वी खनिज निर्यातमा कडाइ पनि यथावत् राखेको छ । यी खनिजहरू अमेरिकी रक्षा उद्योगका लागि अत्यावश्यक मानिन्छन् । सिंगापुरको नेसनल युनिभर्सिटीका जेसन बेडफोर्डका अनुसार केही 'भारी' दुर्लभ पृथ्वी तत्त्वहरू ड्रोन, जेट, मिसाइल प्रणाली र राडारमा प्रयोग हुने भएकाले तिनको आपूर्ति नियन्त्रणले अमेरिकी सैन्य उत्पादनमै असर पार्न सक्छ ।

अमेरिकाको आन्तरिक राजनीतिमा पनि यस संकटको प्रभाव देखिन सक्ने संकेत गरिएको छ । चीनले कृषि उत्पादन खरिदजस्ता विषयलाई वार्तामा दबाबका रूपमा प्रयोग गर्न सक्ने बताउँदै विश्लेषकहरूले रिपब्लिकन दलका लागि महत्त्वपूर्ण मध्यावधि निर्वाचनमा यसको असर पर्न सक्ने बताएका छन् । फुदान विश्वविद्यालयका वु सिन्बोले चीनसँग सम्बन्ध स्थिर राख्न नसक्दा अमेरिकाले थप चुनौती सामना गर्नुपर्ने चेतावनी दिए ।

यद्यपि, सम्भावित शिखर सम्मेलनले दुवै देशका दीर्घकालीन भू–रणनीतिक लक्ष्यमा ठूलो परिवर्तन ल्याउने सम्भावना कम देखिएको छ । ट्रम्प प्रशासनले बढ्दो ऊर्जा मूल्य नियन्त्रण गर्न इरानी तेलमाथिका केही प्रतिबन्ध खुकुलो पार्ने विचार गरिरहेको बताइएको छ, जसले चीनलाई लाभ पुग्न सक्ने विश्लेषण गरिएको छ । चीनलाई प्रतिबन्धित इरानी तेलको मुख्य खरिदकर्ता मानिने भएकाले यसले तेहरानको अर्थतन्त्रलाई सहारा दिने भूमिका खेलिरहेको छ ।

यता, ताइवानलाई अमेरिकी हतियार आपूर्ति जारी रहुन्जेल चीनले इरानसँगको रक्षा सहकार्य सीमित गर्ने कुनै प्रेरणा नपाउने विश्लेषकहरूले बताएका छन् । यसले व्यापक शक्ति प्रतिस्पर्धा अझ जटिल बनाएको छ । बेइजिङका सर्वसाधारणबीच पनि ट्रम्पको सम्भावित भ्रमणप्रति मिश्रित प्रतिक्रिया देखिएको छ । एक स्थानीय आइटी कर्मचारीले उनलाई 'अस्थिर निर्णय गर्ने नेता' का रूपमा चित्रण गर्दै सम्झौतापछि पनि धारणा परिवर्तन हुन सक्ने बताएका छन् । अर्का एक वित्त क्षेत्रका कर्मचारीले भने अमेरिकी पक्षबाट अझै पनि सकारात्मक सम्बन्धको संकेत आएको रूपमा यस भ्रमणलाई हेरेका छन् । *रासस/एएफपी*

# श्रीलंकाको अर्थतन्त्र स्थिर, तर बाह्य जोखिम बढ्दो

**कोलम्बो–** श्रीलंकाको अर्थतन्त्र हाल स्थिर रहेको भए पनि मध्यपूर्व क्षेत्रमा जारी द्वन्द्वका कारण व्यापार, वैदेशिक रोजगारबाट आउने रकम (रेमिटचान्स) र पर्यटन क्षेत्रमा असर पर्न सक्ने भएकाले भविष्यप्रति जोखिम रहेको एक अन्तर्राष्ट्रिय मुद्रा कोषका वरिष्ठ अधिकारीले बताएका छन् ।

पत्रकार सम्मेलनमा बोल्दै सञ्चार विभागकी निर्देशक जुली कोज्याकले श्रीलंकाको सुधार कार्यक्रमले चक्रवात् डिटवाहको प्रभावका बाबजुद उल्लेखनीय प्रगति गरेको बताइन् । उनका अनुसार सन् २०२५ मा श्रीलंकाको अर्थतन्त्र पाँच प्रतिशतले वृद्धि भएको थियो भने सन् २०२६ को फेब्रुअरीमा मुद्रास्फीति करिब १.६ प्रतिशत रहेको छ । साथै, देशको ऋण पुनर्संरचना लगभग पूरा भइसकेको र वैदेशिक मुद्रा सञ्चिति पनि उल्लेखनीयरूपमा बढेको उनले जानकारी दिइन् ।

उनले आगामी मार्च १२ देखि मार्च २६ सम्म एक टोली श्रीलंकाको भ्रमणमा जाने र आर्थिक नीतिबारे छलफल गर्ने बताइन् । उक्त भ्रमणको उद्देश्य विस्तारित कोष सुविधा कार्यक्रमअन्तर्गत पाँचौं र छैटौं समीक्षा पूरा गर्नु रहेको छ ।

साथै, उक्त टोलीले श्रीलंकाली अधिकारीहरूसँग भेटघाट गरी मध्यपूर्व द्वन्द्वको सम्भावित आर्थिक प्रभावबारे थप जानकारी लिने र भविष्यमा सहयोग कसरी जारी राख्ने भन्ने विषयमा अद्यावधिक मूल्यांकन प्रस्तुत गर्ने बताइएको छ । *रासस/सिन्ह्वा*

# मध्यपूर्व द्वन्द्वले विश्व व्यापारमा असर, सन् २०२६ मा वृद्धि सुस्त हुने

**जेनेभा–** विश्व व्यापार संगठनले सन् २०२५ मा अपेक्षाभन्दा राम्रो प्रदर्शनपछि सन् २०२६ मा विश्वव्यापी व्यापार वृद्धि सुस्त हुने जनाएको छ । संगठनले जारी गरेको पछिल्लो प्रतिवेदनमा मध्यपूर्वमा जारी द्वन्द्वले विश्व व्यापारमा थप दबाब सिर्जना गर्न सक्ने चेतावनी दिएको छ ।

प्रतिवेदनअनुसार ऊर्जा मूल्यमा ठूलो झट्का नपरेको अवस्थामा वस्तु व्यापार वृद्धि सन् २०२५ को ४.६ प्रतिशतबाट घटेर सन् २०२६ मा १.९ प्रतिशतमा झर्ने अनुमान गरिएको छ । त्यसपछि सन् २०२७ मा यो वृद्धि पुनः २.६ प्रतिशत पुग्ने अपेक्षा गरिएको छ ।

सेवा व्यापार वृद्धि सन् २०२६ मा ४.८ प्रतिशतमा सीमित हुने र सन् २०२७ मा ५.१ प्रतिशतमा बढ्ने प्रक्षेपण गरिएको छ । समग्रमा वस्तु र सेवा व्यापार सन् २०२६ मा २.७ प्रतिशतले बढ्ने छ, जुन सन् २०२५ मा ४.७ प्रतिशत थियो ।

विश्व अर्थतन्त्रको वृद्धि पनि केही सुस्त हुने अनुमान गरिएको छ । सन् २०२५ को २.९ प्रतिशतबाट सन् २०२६ र २०२७ मा २.८ प्रतिशतमा सीमित रहने बताइएको छ । तर, मध्यपूर्वमा जारी द्वन्द्वले ऊर्जा बजारमा अवरोध पुर्‍याएमा यी अनुमानहरू अझ बिग्रन सक्ने चेतावनी दिइएको छ । द्वन्द्वका कारण विश्वव्यापी ढुवानी प्रभावित भएको, तेलको मूल्य तीव्ररूपमा बढेको र अर्थतन्त्रमा अस्थिरता आएको जनाइएको छ । युरोपमा ग्यास र तेलको मूल्य तीव्र रूपमा बढेको छ । द्वन्द्व सुरु हुनु अघिभन्दा ग्यासको मूल्य दोब्बरभन्दा बढी भइसकेको छ । कच्चा तेलको मूल्य पनि उल्लेखनीय रूपमा बढेको छ ।

यदि सन् २०२६ भरि ऊर्जा मूल्य उच्च रह्यो भने वस्तु व्यापार वृद्धि ०.५ प्रतिशतले घटेर १.४ प्रतिशतमा सीमित हुन सक्छ । सेवा व्यापार पनि ४.१ प्रतिशतमात्र बढ्ने अनुमान गरिएको छ । यसले विश्व अर्थतन्त्रको वृद्धि पनि ०.३ प्रतिशतले घटाउन सक्छ ।

विश्व व्यापार संगठनकी महानिर्देशकले उच्च प्रविधि वस्तु र डिजिटल सेवाले व्यापारलाई केही हदसम्म मजबुत बनाएको बताइन् । तर



ऊर्जा मूल्यको निरन्तर वृद्धि र द्वन्द्वले उपभोक्ता तथा व्यवसायमा लागत दबाब बढाउने चेतावनी दिएकी छन् ।

विशेषज्ञका अनुसार सन् २०२५ को उच्च व्यापार वृद्धि मुख्यतः उत्तर अमेरिकामा सम्भावित उच्च शुल्कको आशंकामा आयात बढाइनु र कृत्रिम बुद्धिमत्तासम्बन्धी वस्तुहरूको माग बढ्नुका कारण भएको थियो । तर यी कारकहरू सन् २०२६ मा निरन्तर रहने सम्भावना कम रहेको बताइएको छ ।

एसियाले सन् २०२६ मा व्यापार वृद्धि नेतृत्व गर्ने अपेक्षा गरिएको छ, जहाँ आयात र निर्यात दुवै बढ्ने अनुमान गरिएको छ । दक्षिण अमेरिकामा पनि निर्यात वृद्धि बलियो रहने छ । तर उत्तर अमेरिका र युरोपमा वृद्धि कमजोर रहने प्रक्षेपण गरिएको छ । प्रतिवेदनले मध्यपूर्व द्वन्द्वका कारण ढुवानी र सेवा क्षेत्रमा निरन्तर अवरोध रहेको उल्लेख गर्दै दीर्घकालीन संकटले यातायात लागत बढाउने र व्यापार मार्ग परिवर्तन गर्न सक्ने चेतावनी दिएको छ । *रासस/सिन्ह्वा*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८२९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्(वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २९४५०० | प्रति तोला – ० | प्रति तोला – ४८९५ |

# आगामी आवका लागि तोकियो आन्तरिक ऋणको सीमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि संघ, प्रदेश र स्थानीय तहले लिन सक्ने आन्तरिक ऋणको सीमा निर्धारण गरेको छ। समष्टिगत आर्थिक अवस्था, राजस्वको प्रवृत्ति, खर्चको दबाब र वित्तीय बजारको अवस्थालाई आधार मानेर आयोगले ऋण परिचालनमा अनुशासन कायम गर्न जोड दिँदै तीनै तहका सरकारलाई औपचारिक सिफारिस गरिएको जनाएको छ।

आयोगले गत फागुन २७ गते सरकारलाई गरेको सिफारिसअनुसार संघीय सरकारले आगामी आवमा कुल गार्हस्थ उत्पादनको अधिकतम पाँच दशमलव पाँच प्रतिशतसम्म मात्रै आन्तरिक ऋण परिचालन गर्न पाउनेछ। समष्टिगत स्थायित्व कायम राख्न तथा ऋणको दिगोपन सुनिश्चित गर्न यो सीमा तोकिएको जनाइएको छ।

प्रदेश सरकारका हकमा भने आन्तरिक ऋण उठाउने अधिकारलाई निश्चित सर्तसँग बाँधिएको छ। आयोगले प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँट र आफ्नै आन्तरिक स्रोतबाट संकलित राजस्वको कुल योगफलको अधिकतम १२ प्रतिशतसम्म मात्र आन्तरिक ऋण लिन सक्ने व्यवस्था गर्न सिफारिस गरेको छ। यसका लागि आवश्यक कानुनी, संरचनागत तथा प्रक्रियागत पूर्वाधार पूरा भएको हुनुपर्ने र नेपाल सरकारको पूर्वस्वीकृति अनिवार्य हुने व्यवस्था गरिएको छ।

स्थानीय तहका लागि पनि समान प्रकृतिको सीमा निर्धारण गरिएको छ। आयोगका अनुसार स्थानीय सरकारले संघ र प्रदेशबाट प्राप्त राजस्व बाँडफाँट तथा आफ्नै स्रोतबाट प्राप्त आम्दानीको कुल योगफलको अधिकतम १२ प्रतिशतसम्म आन्तरिक ऋण उठाउन सक्नेछन्। यसमा पनि

**आयोगका अनुसार स्थानीय सरकारले संघ र प्रदेशबाट प्राप्त राजस्व बाँडफाँट तथा आफ्नै स्रोतबाट प्राप्त आम्दानीको कुल योगफलको अधिकतम १२ प्रतिशतसम्म आन्तरिक ऋण उठाउन सक्नेछन्। यसमा पनि नेपाल सरकारको स्वीकृति अनिवार्य हुनेछ।**

नेपाल सरकारको स्वीकृति अनिवार्य हुनेछ। यद्यपि, स्थानीय तहमा पूर्वाधार निर्माणका लागि नेपाल सरकारले स्थापना गरेको विशेषीकृत संस्थामार्फत प्रवाह हुने ऋणमा भने यो सीमा लागू नहुने स्पष्ट गरिएको छ।

आयोगले आन्तरिक ऋणको प्रभावकारी र दिगो उपयोगका लागि विस्तृत सुझावसमेत दिएको छ। ऋण लिँदा आयोजनाको लागत-लाभ विश्लेषण, खुद वर्तमान मूल्य तथा आन्तरिक प्रतिफल दरको मूल्यांकन अनिवार्य गर्नुपर्ने उल्लेख गरिएको छ। विशेषगरी वित्तीय आन्तरिक प्रतिफल दर पूँजी लागतभन्दा बढी भएका व्यावसायिक परियोजना र आर्थिक प्रतिफल दर उच्च भएका सामाजिक क्षेत्रका परियोजनामा मात्र ऋण लगानी गर्नुपर्नेमा जोड दिइएको छ।

यस्तै, ऋण लगानीबाट सञ्चालित आयोजना वा कार्यक्रमबाट प्राप्त हुने प्रतिफलले साँवा र ब्याज भुक्तानी गर्न सकिने सुनिश्चितता हुनुपर्ने आयोगको सुझाव छ। उत्पादन वृद्धि, रोजगारी सिर्जना, आय वृद्धि, पूर्वाधार विकास र पुँजी निर्माणमा योगदान गर्ने परियोजनामा मात्र ऋण परिचालन गर्नुपर्ने आयोगले जनाएको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को प्रावधानअनुसार प्रदेश र स्थानीय सरकारले नेपाल सरकारको स्वीकृति लिएपछि मात्रै आन्तरिक ऋणलाई बजेटको स्रोतका रूपमा समावेश गर्नुपर्ने व्यवस्था कडाइका साथ लागू गर्नुपर्ने पनि प्रतिवेदनमा उल्लेख छ। साथै, बजेट तर्जुमा गर्दा प्रत्येक आयोजना तथा कार्यक्रमको स्रोतगत विवरणमा आन्तरिक ऋण अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने सुझाव दिइएको छ।

सार्वजनिक ऋण व्यवस्थापनमा पारदर्शिता र समन्वय अभिवृद्धि गर्न आयोगले एकीकृत विद्युतीय सूचना प्रणाली विकास गर्नुपर्ने आवश्यकता औंल्याएको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमार्फत संघ, प्रदेश र स्थानीय तहबाट लिइने सम्पूर्ण आन्तरिक ऋण तथा समग्र सार्वजनिक ऋणको लेखांकन, प्रतिवेदन र अनुगमन एउटै प्रणालीमार्फत सञ्चालन गर्नुपर्ने र त्यसमा आयोगको पहुँचसमेत सुनिश्चित गर्नुपर्ने सिफारिस गरिएको छ।

आयोगले आन्तरिक ऋणलाई चालु तथा प्रशासनिक खर्चमा प्रयोग गर्न नपाइने पनि सिफारिस गरेको छ। ऋणलाई दीर्घकालीन लाभ दिने, रोजगारी सिर्जना गर्ने र पुँजी निर्माणमा सहयोग पुग्ने परियोजनामा मात्रै प्रयोग गर्नुपर्ने उल्लेख छ। यसैगरी, बजारमा ब्याजदर न्यून भएका बेला मात्रै अल्पकालीन ऋण उपकरणमार्फत ऋण उठाउने र त्यस्ता उपकरणको नवीकरणलाई समेत नयाँ ऋणका रूपमा बजेटमा समावेश गरी संसद्बाट अनुमोदन गराउनुपर्ने व्यवस्था गर्न आयोगले सुझाव दिएको छ।

आयोगले तीनवटै तहका सरकारले राजस्व र व्ययको यथार्थ विवरण नियमित रूपमा उपलब्ध गराउनुपर्ने आवश्यकता पनि औंल्याएको छ। प्रत्येक आर्थिक वर्षको अन्त्यसम्म आन्तरिक ऋणको अनुमानित र वास्तविक परिचालनको विवरण क्षेत्रगत, आयोजनागत, शीर्षकगत र स्रोतगत रूपमा खुलाएर आयोगमा पेस गर्नुपर्ने व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ।



**ढकमक्क लालीगुराँस** | म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ स्थित घोडेपानीमा ढकमक्क फुलेको लालीगुराँस । वसन्त याममा घोडेपानीको पाखामा फुलेको लालीगुराँसले पर्यटकलाई आकर्षित गरेको छ । *तस्बिर : सन्तोष गौतम/रासस*

# लक्ष्यको ३६ प्रतिशत राजस्व संकलन

■ प्रभाव संवाददाता

**बाग्मती–** बाग्मती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो आठ महिनामा वार्षिक लक्ष्यको ३६ दशमलव २९ प्रतिशत अर्थात् रु २४ अर्ब ४९ करोड दुई लाख ८७ हजार राजस्व संकलन गरेको छ।

घरजग्गा रजिष्ट्रेसन (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारको राजस्व संकलनको मुख्य आयस्रोत मानिन्छ। आर्थिक वर्ष २०८२/८३ को साउनदेखि फागुनसम्ममा रु ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार राजस्व संकलन गर्ने तोकिएको लक्ष्यको तुलनामा ४५ दशमलव १३ प्रतिशत अर्थात् रु १३ अर्ब ९३ करोड ९७ लाख १५ हजार राजस्व संकलन भएको बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत सुरज पौडेलले जानकारी दिए।

उनका अनुसार आव २०८२/८३ मा घरजग्गा रजिष्ट्रेसन शीर्षकबाट रु सात अर्ब ७० करोड राजस्व संकलन गर्ने लक्ष्य रहेकामा चालु आर्थिक वर्षको पहिलो आठ महिनाको अवधिमा रु दुई अर्ब ५६ करोड दुई लाख चार हजार राजस्व संकलन भएको छ। यसैगरी, प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट पर्मिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरणअन्तर्गत सवारी कर शीर्षकबाट आव २०८२/८३ मा रु आठ अर्ब २५ करोड लक्ष्य तोकिएकोमा रु चार अर्ब ४४ करोड ९३ लाख ४० हजार राजस्व मात्र संकलन गरेको छ।

प्रदेश सरकारले बाँडफाँडबाट प्राप्त हुने मूल्य अभिवृद्धि करबापत रु आठ अर्ब ७९ करोड ८६ लाख ६७ हजार प्राप्त हुने अनुमान गरिएकामा सो अवधिसम्ममा रु पाँच अर्ब चार करोड ६५ लाख १७ हजार संकलन भएको छ भने अन्तःशुल्क करबापत रु चार अर्ब तीन करोड ७९ लाख नौ हजार प्राप्त हुने अनुमान गरिएकामा रु एक अर्ब ७५ करोड तीन लाख ३६ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ।

त्यसैगरी, संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत रु १४ अर्ब ८१ करोड ९३ लाख प्राप्त हुने अनुमान गरिएकामा आठ महिनाको अवधिमा त्यसको ५३ दशमलव ६० प्रतिशत अर्थात् रु सात अर्ब ९४ करोड २७ लाख ५६ हजार प्राप्त भएको अधिकृत पौडेलले बताए।

यस्तै, चालु आव २०८२/८३ मा प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्वबाट रु चार अर्ब ७७ करोड ७४ लाख २५ हजार प्राप्त हुने अनुमान गरिएकामा आठ महिनाको अवधिमा लक्ष्यको ५२ दशमलव ३५ प्रतिशत अर्थात् रु दुई अर्ब ५० करोड १२ लाख १८ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ।

# बसपार्कभित्र छिर्न मान्दैनन् 'सार्वजनिक बस'

■ अच्युत रेग्मी

**काठमाडौं–** सरकारले देशभरबाट यात्रु बोकेर काठमाडौं आएका सार्वजनिक सवारीसाधनलाई पार्किङ गर्न केन्द्रीय बसपार्क (नयाँबसपार्क) निर्माण गरेको छ। ठूलो लगानीमा बसपार्क बनाइए पनि सार्वजनिक सवारीसाधन भने बसपार्क बाहिरबाटै सञ्चालन हुँदै आएका छन्। सार्वजनिक यातायात व्यवस्थापन तथा सुधारका लागि काठमाडौं महानगरपालिकाको पहलमा विसं २०५० मा नयाँबसपार्क स्थापना भए पनि कतिपय सवारीसाधन भने हाल पनि नयाँबसपार्क बाहिरै पार्किङ बनाएर सञ्चालन हुँदै आएका हुन्।

काठमाडौं महानगरपालिकाले विसं २०८० जेठ १९ गते एक सूचना प्रकाशित गरी काठमाडौंको ट्राफिक व्यवस्थापनलाई सहज बनाउनका लागि सोही वर्षको असार १ गतेदेखि नयाँबसपार्क बाहिरबाट सञ्चालन हुँदै आएका सम्पूर्ण यात्रुवाहक सवारीसाधनलाई बसपार्कभित्रबाट सञ्चालन गर्ने निर्णय गरेको थियो।

उक्त निर्णयसँगै केही सवारीसाधन नयाँ बसपार्कभित्रबाट सञ्चालन हुन थाले पनि केही सार्वजनिक सवारीसाधन भने हालसम्म पनि नयाँबसपार्क बाहिरबाटै सञ्चालन हुँदै आएका छन्। मधेस-प्रदेश, बागमती प्रदेशको दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रामेछाप, नुवाकोट, रसुवा, धादिङ, मकवानपुरलगायत स्थानमा सञ्चालन हुने सार्वजनिक सवारीसाधन नयाँबसपार्कभित्रबाट सञ्चालन हुँदैनन्।

मधेस प्रदेशका अधिकांश जिल्लामा जाने सवारीसाधन पशुपति, गौशाला, चावहिल र धोविखोला करिडोरबाट सञ्चालन हुन्छन्। दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र रामेछाप सञ्चालन हुने सवारीसाधन कोटेश्वरमा अस्थायी बसपार्क बनाएर सञ्चालन हुँदै आएको छ। यस्तै, रसुवा, नुवाकोट, धादिङ चल्ने सवारीसाधन माछापोखरी सडक र मकवानपुर चल्ने सवारीसाधन बल्खुबाट सञ्चालन हुँदै आएको छ।



नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका महासचिव डेकनाथ गौतम नारायणी पश्चिमका सबै सार्वजनिक बस नयाँबसपार्कबाट सञ्चालन हुँदै आए पनि नारायणी पूर्व र छोटो दूरीका सवारीसाधनले भने निर्णय पालना गर्न नसकेको बताउँछन्। 'काठमाडौं महानगरपालिकाका तत्कालीन प्रमुख बालेन्द्र शाहसहित यातायात व्यवसायी, ट्राफिक प्रहरी, लोत्से बहुउद्देश्यीय प्रालिका प्रतिनिधि बसेर सबै सार्वजनिक सवारीसाधन नयाँबसपार्कबाट सञ्चालन गर्ने निर्णय भएको थियो, उक्त निर्णय कार्यान्वयनमा समस्या भएको छ', उनी भन्छन्। गौतम यातायात व्यवसायीको अस्वस्थ प्रतिस्पर्धाका कारण निर्णय कार्यान्वयनमा समस्या परेकाले ट्राफिक प्रहरी र महानगरले ट्राफिक व्यवस्थापनका लागि निर्णय कार्यान्वयन गराउनुपर्ने र व्यवसायीले पनि सहयोग गर्नुपर्ने बताए।

महासचिव गौतमले भने, 'सर्वपक्षीय बैठकले गरेको निर्णय कार्यान्वयन गर्न आफूहरूलाई कुनै समस्या छैन। सार्वजनिक सवारीसाधन नयाँबसपार्कबाट सञ्चालन नहुँदा स्थानीय सवारीसाधनलाई समेत असर परेको छ। यस विषयमा सबै गम्भीर बन्नुपर्छ।'

ट्राफिक प्रहरीले गत मङ्सिर १८ गते काठमाडौं उपत्यकामा हुने जाम व्यवस्थापन गर्न लामो दूरीका दिवा तथा रात्रिकालीन सार्वजनिक सवारीसाधनलाई नयाँबसपार्कबाट सञ्चालन गर्ने व्यवस्था लागू गरेको थियो। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक (एसपी) नरेशराज सुवेदी नयाँबसपार्कभित्र जान नमान्ने सवारीसाधनलाई ट्राफिक प्रहरीले कारबाही गर्दै आएको बताउँछन्। 'लामो दूरीका दिवा तथा रात्रिबस नयाँबसपार्कभित्र नजाँदा काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापनमा समस्या हुँदै आएको छ। ट्राफिक जामलगायत समस्या समाधान गर्न उक्त व्यवस्था गरेका हौं', उनी भन्छन्।

प्रवक्ता सुवेदीले लामो दूरीका दिवा तथा रात्रिकालीन सवारीसाधनलाई गन्तव्यस्थलसम्म पुगे नपुगेका विषयमा आफूहरूले काठमाडौं भित्रिने नाकाबाटै निगरानी बढाउँदै आएको र गन्तव्यस्थलसम्म नपुग्ने सवारीसाधनलाई कारबाही गर्ने गरिएको बताए। 'बाटो इजाजतअनुसारको गन्तव्यमा नगई जथाभावी पार्किङ गरी ट्राफिक व्यवस्थापनमा असर पुऱ्याउने सवारीसाधनलाई ट्राफिक प्रहरीले यातायात व्यवस्था ऐन, २०४९ को दफा ७५ अनुसारको कसुर अनुसार कारबाही गरिरहेको छ। उक्त कसुरविपरीत गर्ने सवारीसाधनलाई रु एक हजारदेखि पाँच हजारसम्म कारबाही गरिँदै आएको छ', उनको भनाइ छ।

काठमाडौं महानगरपालिकाका प्रवक्ता नवीन मानन्धर काठमाडौंभित्रको सार्वजनिक यातायातलाई व्यवस्थित बनाउन महानगर लागिरहेको बताउँछन्। 'काठमाडौं महानगरपालिकाभित्रको यातायातलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्नका लागि महानगरपालिकाले ट्राफिक प्रहरी, यातायात व्यवसायी तथा मजदुरसँग सहकार्य गरिरहेका छौं', उनी भन्छन्। प्रवक्ता मानन्धरले चक्रपथ वरपर राखिएका धेरैजसो टिकट काउन्टर हटाइसकिएको र बाँकी काउन्टरलाई पनि चाँडो हटाएर व्यवस्थित महानगर बनाउने लक्ष्य रहेको बताए।

काठमाडौं उपत्यकाभित्र प्रवेश गर्ने सार्वजनिक सवारीसाधनलाई व्यवस्थित तथा पार्किङ गर्न महानगरपालिकाले विसं २०५६ मा लोत्से बहुउद्देश्यीय प्रालिसँग सम्झौता गरी नयाँ बसपार्क सञ्चालनमा ल्याएको थियो। एक सय ६१ रोपनी क्षेत्रफलमा फैलिएको उक्त बसपार्कमा आठ सयभन्दा बढी सार्वजनिक सवारीसाधन राख्न मिल्ने क्षमता छ।

ट्राफिक प्रहरी कार्यालयका अनुसार हाल काठमाडौं उपत्यकामा झन्डै १८ लाख हाराहारीमा सवारीसाधन सञ्चालनमा छन् भने झण्डै दुई हजार ट्राफिक जनशक्ति कार्यरत छन्। पछिल्लो समय मुलुकको राजधानी काठमाडौंलगायत देशभर निजी तथा सार्वजनिक सवारीसाधनको सङ्ख्या वृद्धि हुँदा र बाटो साँघुरो हुँदा ट्राफिक व्यवस्थापनमा चुनौती थपिँदै गएको छ। *रासस*

# दुई वर्षपछि कुखुराका चल्लाको लागत मूल्य

■ प्रभाव संवाददाता

**चितवन –** ह्याचरीबाट उत्पादित कुखुराका चल्लाले दुई वर्षपछि लागत मूल्य पाएका छन्। नेपाल ह्याचरी उद्योग संघका केन्द्रीय अध्यक्ष राजेन्द्र लामिछानेका अनुसार हाल ब्रोइलर चल्ला प्रतिवटा रु ९० र लेयर्सको रु १६० मा बिक्री हुन थालेका छन्। ब्रोइलरको लागत मूल्य रु ६५ र लेयर्सको रु १२० पर्न आउँछ।

यसले दुई वर्षभन्दा बढी समय लागत मूल्यभन्दा कममा चल्ला बेच्नुपर्दा समस्यामा परेका ह्याचरी उद्योगलाई राहत पुगेको उनले जानकारी दिए।

पुस महिनायता क्रमशः मूल्य बढ्दै गएको हो। त्यसअघि रु २५ सम्ममा बोइलर चल्ला बेच्नुपर्ने बाध्यता रहेको थियो। मूल्य घटेपछि उद्योगले दुई सातासम्म चल्ला उत्पादन नै रोकेका थिए। यहाँ दुई सय ५० भन्दा बढी ब्रोइलर चल्ला र चार वटा लेयर्स चल्ला उत्पादन गर्ने ह्याचरी उद्योग बन्द भएका अध्यक्ष लामिछानेले बताए।

'मूल्य नपाएका कारण धेरै उद्योग बन्द भएका छन्। हाल १०० वटा ब्रोइलरका र १० वटा लेयर्सका ह्याचरी सञ्चालनमा छन्। एक हप्तामा ती उद्योगबाट लेयर्सका एक लाख र ब्रोइलरका ३० लाख हाराहारी चल्ला उत्पादन हुने गरेका छन्। बढी चल्ला उत्पादन हुँदा सातामा ब्रोइलरका ४२ लाखभन्दा बढी र लेयर्सका तीन लाख ५० हजार चल्ला उत्पादन हुने गरेका थिए', उनले भने।

हाल उत्पादनमा कमी भएको र भारतीय नाकाबाट चल्ला आउन रोकिएपछि यहाँको उत्पादनले बजार पाएको लामिछाने बताए। उनका अनुसार भारतमा चल्लाको मूल्य बढी छ भने सीमानाकामा कडाइ गरिएको छ।

यसअघि कुखुरापालन गर्ने धेरै साना किसान विस्थापित भइसकेका छन्। लेयर्स कुखुरा ठूलो संख्यामा पालिँदै आएकामा पछिल्लो समय एकै किसानले सात लाखसम्म ब्रोइलर कुखुरा पाल्न थालेपछि बजारको माग धान्न सहज भएको अध्यक्ष लामिछानेको भनाइ छ। 'सरकारले सीमा क्षेत्रबाट अवैध पोल्ट्रीजन्य पदार्थ रोकेमा यहाँका किसानले राहत पाउँछन्। यसमा हामीले लामो समयदेखि दबाब दिँदै आएका छौं', उनले भने।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ